# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक २१ | काठमाडौं | बिहीबार, ३१ वैशाख २०८३ | Prabhab National Daily | Thursday, 14 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-

## घटाइयो मन्त्रालय संख्या, संघमा अब १८ वटामात्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले मन्त्रालयको संख्या २२ बाट घटाएर १८ वटामा सीमित गर्ने निर्णय गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ स्वीकृत गर्दै मन्त्रालय घटाउने निर्णय गरेको हो ।

प्रशासनिक सुधार र मितव्ययिता कायम गर्ने, अनावश्यक चालु खर्च कटौती गर्ने तथा कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन संघीय मन्त्रालयहरूको संख्या घटाइएको सरकारको भनाइ छ । प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार सरकारले अर्थ, गृह, परराष्ट्र, रक्षा र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई यथावत् राखेको छ । त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पनि यथावत् रहेका छन् ।

सरकारले प्रविधि र आविष्कारलाई प्राथमिकता दिँदै साविकको शिक्षा मन्त्रालयबाट विज्ञान प्रविधि झिकेर र नयाँ थप गरिएको नवप्रवर्तनसम्बन्धी कार्यहरू हेर्नेगरी छुट्टै 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय' गठन गरेको छ । अब शिक्षा तथा खेलकुद मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय र भूमि, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहने छन् ।

क्रमशः पृष्ठ २ मा

### यी हुन् अबका १८ मन्त्रालय

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२. अर्थ मन्त्रालय
३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
६. कृषि, वन तथा पर्यावरण मन्त्रालय
७. गृह मन्त्रालय
८. परराष्ट्र मन्त्रालय
९. पूर्वाधार विकास मन्त्रालय
१०. भूमि, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
११. महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय
१२. युवा, श्रम तथा रोजगार मन्त्रालय
१३. रक्षा मन्त्रालय
१४. विज्ञान, प्रविधि तथा नवप्रवर्तन
१५. शिक्षा तथा खेलकुद मन्त्रालय
१६. सूचना तथा सञ्चार मन्त्रालय
१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
१८. स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय

## राजनीति गर्ने कर्मचारीलाई चेतावनी

**काठमाडौं (प्रस)–** सरकारले निजामती कर्मचारीलाई राजनीतिमा संलग्न भए सेवाबाट हटाउने चेतावनी दिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बुधबार सूचना जारी गर्दै निजामती कर्मचारीलाई निजामती कर्मचारीलाई अनुशासन र आचरणसम्बन्धी व्यवस्था पूर्णरूपमा पालना गर्न निर्देशन दिएको हो ।

सूचनामा नेपालको संविधान र निजामती सेवा ऐनअनुसार निजामती सेवा राजनीतिकरूपमा तटस्थ, निष्पक्ष र उत्तरदायी हुनुपर्ने उल्लेख गरिएको छ । मन्त्रालयले निजामती सेवा ऐन, २०४९ को दफा ६१ उपदफा (१) को खण्ड (ङ) अनुसार निजामती कर्मचारीले राजनीतिमा भाग लिएमा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन...

क्रमशः पृष्ठ २ मा

# प्रधानमन्त्री शाहको मैमत्ताले सदन अवरोध



सम्माननीय प्रधानमन्त्रीलाई सदनमा देखिरहेका छैनौं । त्यसैले सभामुख महोदयमार्फत तत्काल प्रधानमन्त्रीलाई बोलाउन रूलिङ गरियोस् ।

■ **भीष्मराज आङ्देम्बे**
नेता, प्रमुख प्रतिपक्षी दल



प्रधानमन्त्रीलाई यहाँ आउन केले रोकेको छ ? प्रधानमन्त्री अनुपस्थित हुनुपर्ने कुनै गम्भीर कारण भएमात्र अन्य मन्त्रीलाई जिम्मेवारी दिन सकिने हो ।

■ **गुरुप्रसाद बराल**
सांसद, नेकपा एमाले



आफैंले ल्याएको नीति तथा कार्यक्रममाथिको छलफल आफैंले नसुन्ने हो भने यो कसले ल्याएको हो भन्ने प्रश्न उठ्छ । योभन्दा ठूलो काम केही हुन सक्दैन ।

■ **ज्ञानेन्द्र शाही**
संसदीय दलको नेता, राप्रपा

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहको अनुपस्थितिलाई लिएर विपक्षी दलहरूले प्रतिनिधिसभा बैठकमा अवरोध सिर्जना गरेका छन् । बुधबार प्रतिनिधिसभा बैठकमा सरकारको नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भको प्रस्ताव प्रधानमन्त्रीले पेस गर्ने कार्यतालिका थियो । तर प्रधानमन्त्रीको प्रतिनिधित्व गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गर्न लागेसँगै विपक्षी दलका सांसदहरू विरोधमा उत्रिएका हुन् ।

कार्यतालिकाअनुसार प्रधानमन्त्री स्वयं उपस्थित भएर नीति तथा कार्यक्रममाथि छलफलको प्रस्ताव प्रस्तुत गर्नुपर्ने, सांसदहरूको प्रश्न सुन्नुपर्ने र उठेका प्रश्नहरूको जवाफ दिनुपर्ने माग गर्दै विपक्षी दलहरूले बुधबार लगातार अवरोध गरेपछि सभामुख डोलप्रसाद अर्यालले तीन पटकसम्म बैठक स्थगित गरेका थिए ।

प्रतिनिधिसभाको कार्यसूचीमा प्रधानमन्त्रीले 'नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने र त्यस क्रममा उठेका प्रश्नहरूको उत्तर दिने' उल्लेख थियो । यसपछि प्रधानमन्त्री शाह संसद्मा बोल्ने अपेक्षा गरिएको थियो । सामाजिक सञ्जालमासमेत 'आज बोल्ने भए बालेन' भन्ने चर्चा चलेको थियो । तर, संसद् बैठक सुरु हुँदासम्म प्रधानमन्त्री सिंहदरबारस्थित मन्त्रिपरिषद् बैठकमै थिए । मन्त्रिपरिषद् बैठक सकिएपछि पनि उनी संसद्मा उपस्थित भएनन् ।

प्रधानमन्त्री अनुपस्थित भएपछि सभामुख अर्यालले प्रधानमन्त्रीको तर्फबाट अर्थमन्त्री वाग्लेलाई नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिएका थिए । त्यसलगत्तै विपक्षी दलहरूले विरोध जनाए । प्रमुख विपक्षी नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सभामुखमार्फत प्रधानमन्त्रीलाई तत्काल सदनमा उपस्थित गराउन रुलिङ गर्न माग गरे ।

'सम्माननीय प्रधानमन्त्रीलाई सदनमा देखिरहेका छैनौं,' उनले भने, 'त्यसैले सभामुख महोदयमार्फत तत्काल प्रधानमन्त्रीलाई बोलाउन रुलिङ गरियोस् ।'

एमाले सांसद गुरुप्रसाद बरालले प्रधानमन्त्रीको अनुपस्थितिमाथि प्रश्न उठाउँदै 'प्रधानमन्त्रीलाई यहाँ आउन केले रोकेको छ ?' भन्दै सरकारसँग जवाफ मागे । उनले प्रधानमन्त्री अनुपस्थित हुनुपर्ने कुनै गम्भीर कारण भएमात्र अन्य मन्त्रीलाई जिम्मेवारी दिन सकिने बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले नीति तथा कार्यक्रमजस्तो महत्त्वपूर्ण विषयको छलफल छाडेर प्रधानमन्त्री अन्यत्र व्यस्त हुन नसक्ने टिप्पणी गरे । 'आफैंले ल्याएको नीति तथा कार्यक्रममाथिको छलफल आफैंले नसुन्ने हो भने यो कसले ल्याएको हो भन्ने प्रश्न उठ्छ,' उनले भने, 'योभन्दा ठूलो काम केही हुन सक्दैन ।'

विपक्षी दलहरूको अवरोधपछि सभामुख अर्यालले पहिलो पटक १५ मिनेटका लागि बैठक स्थगित गरेका थिए ।

क्रमशः पृष्ठ २ मा



- नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भको प्रस्ताव पेस गर्न प्रतिनिधिसभा बैठकमा उपस्थित भएनन् प्रधानमन्त्री
- प्रधानमन्त्रीलाई अनिवार्य उपस्थित गराउन प्रतिपक्षीको माग
- प्रधामन्त्रीको अमर्यादित र अशोभनीय व्यवहारले संसदीय उत्तरदायित्व र लोकतान्त्रिक प्रणालीमाथि प्रहार भएको आरोप

### संसद्मै मागियो राजीनामा



प्रतिनिधिसभामा प्रधानमन्त्री वालेन्द्र शाहको राजीनामा मागिएको छ । श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङले राजीनामा मागेका हुन् । सरकारको नीति तथा कार्यक्रम छलफलका लागि प्रस्ताव प्रस्तुत गर्ने क्रममा प्रधानमन्त्री उपस्थित नभएपछि साम्पाङले राजीनामा माग गरेका हुन् ।

बुधबार प्रधानमन्त्री शाहको तर्फबाट अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले 'नीति तथा कार्यक्रममाथि छलफल गरियोस्' भन्ने प्रस्ताव पेस गर्न सभामुख डोलप्रसाद अर्यालले अनुमति दिएलगत्तै विरोधमा उत्रिएका साम्पाङले प्रधानमन्त्री शाहको राजीनामा मागेका हुन् । उनले भने, 'संसद्मा आउन नसक्ने प्रधानमन्त्रीले राजीनामा दिइयोस् ।'

सदनबाटै प्रधानमन्त्री शाहको राजीनामा मागिएको यो पहिलो घटना हो ।

**सन्दर्भः वैदेशिक रोजगार**

# संघमा दुई पक्षको आ–आफ्नै दाबी प्रशासनको निर्णय नआउँदा अन्योल

■ प्रभाव संवाददाता

**काठमाडौं–** जिल्ला प्रशासन कार्यालयको निर्णय नआउँदा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ थप अन्योलमा फसेको छ । असन्तुष्टपक्षले कार्यसमिति विघटनको घोषणा गर्दै नयाँ निर्वाचनमा जानेबारे प्रशासनलाई जानकारी गराए पनि बुधबारसम्म प्रशासनबाट कुनै निर्णय आएको छैन ।

अध्यक्ष भुवनसिंह गुरुङ पक्षले विधानमा भएको त्रुटिमा टेकेर चलखेल गरिएको आरोप लगाइरहँदा राजीनामा दिएको पक्ष भने निर्वाचनको मिति घोषणा गरेर अघि बढेको छ । सोमबार लामो रस्साकस्सीपछि संघको विधानको दफा २६ (४)को प्रावधान अनुसार वर्तमान कार्यसमिति विघटन भएको घोषणा गरिएको थियो । यद्यपि, उक्त प्रावधान नै त्रुटिपूर्ण भएको संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले बताए । यसअघिको विधानमा एक कार्यकाल सदस्यमा निर्वाचित भएको व्यक्तिले चुनाव लड्न पाउने प्रावधान भएकाले यसलाई नियन्त्रण गर्न पदाधिकारीको परिभाषा गरिएको उनको दाबी छ । यसो गर्दा संस्थाको विघटनसम्बन्धी प्रावधानलाई ख्याल नगरिएको उनले बताए ।

'अघिल्लो विधानमा पदाधिकारी भन्नाले कार्यसमिति २१ नै जनालाई बुझिन्थ्यो । त्यसबेला अध्यक्षमा उम्मेदवारी दिँदा एक कार्यकाल सदस्य भएकोले पनि दिन पाउने व्यवस्था थियो,' खोखालीले भने, 'यसलाई नियन्त्रण गर्न विधानले एक कार्यकाल पदाधिकारी पनि हुनुपर्ने कल्पना गर्‍यो । त्यसका लागि कोषाध्यक्षसम्म पदाधिकारी मान्ने परिभाषा आयो । तर हामीले तलको कुरा याद गरेनौं ।'

हाल संघको विधानमा भएको व्यवस्थालाई त्रुटि नमान्ने हो भने कुनै पनि संघ संस्था नरहने खोखालीले दाबी गरे । 'अगाडिको विधानमा सदस्य भन्नाले संघमा आबद्ध सबै व्यवसायीलाई बुझ्ने र पदाधिकारी भन्नाले संघको कार्यसमितिलाई बुझिने छ भनिएको थियो,' उनले भने, 'हालको त्रुटिलाई त्रुटि नमाने नेपालका कुनै संघ संस्था रहँदैन । सदस्यको कुनै भूमिका नहुने भए किन सदस्य निर्वाचित गर्नपर्‍यो त ?'

आफूहरूले प्रशासनलाई यो विषय जानकारी गराइसकेकाले प्रशासनले आफ्नो विवेक प्रयोग गरेर निर्णय गर्ने गुरुङ पक्षको दाबी छ । संघको हालको विधानमा कार्यसमितिका दुईतिहाइ पदाधिकारीले सामूहिक राजीनामा दिएमा कार्यसमिति स्वतः विघटन हुने र सोही दिन सल्लाहकारहरूको रोहवरमा सात सदस्यी प्रबन्ध समिति बनाइने भनिएको छ । उक्त प्रबन्ध समितिले २१ दिनभित्र विशेष साधारणसभा बोलाइ सोही दिन निर्वाचन गराउने विधानमा उल्लेख गरिएको छ ।

यही प्रावधानमा टेकेर संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीको संयोजकत्वमा सात सदस्यीय प्रबन्ध समिति गठन गरिएको छ । प्रबन्ध समितिले संघको प्रशासनिक काममा पनि लागेको जनाएको छ ।

बुधबार संघको कार्यालयमा संयोजक तथा निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीलगायत राजीनामा दिएका केही पदाधिकारी आउँदा भने निकै ठूलो संख्यामा सुरक्षाकर्मी तैनाथ गर्नुपरेको थियो । राजीनामा दिएको पक्ष संघको तालाचाबी लिन आएकाले दलबलसमेत आएको खोलालीले बताए । यद्यपि, आफूहरूले प्रशासनको निर्णय नआउञ्जेल जिम्मेवारी नसुम्पने खोखालीले बताए । 'संघ अहिले हाम्रो जिम्मेवारीमा छ । प्रशासनबाट पत्र लिएर आउनुहोस् हामी ससम्मान चाबी बुझाएर जान्छौं भनेर हामीले दिएनौं,' उनले भने ।

आफूहरू संघको विधानमै भएको व्यवस्थाबमोजिम अघि बढिरहेकाले कुनै विवाद आवश्यक नभएको प्रबन्ध समितिका संयोजक भण्डारीको बनाइ छ । २०७४ सालमा संशोधन भएर हालसम्म अभ्यासमा रहेको विधानमा अहिले आएर त्रुटि छ भन्नु अपरिपक्व धारणा भएको उनको भनाइ छ ।

'विधानमै भएको व्यवस्थाअनुसार अहिलेको प्रक्रिया अगाडि बढेको हो । यो विधान २०७४ सालमा संशोधन भएको हो,' उनले भने, 'यसको गलत अभ्यास भयो भने हामीलाई कानुनी कारबाही हुँदैन त ? सिडिओ कार्यालयले प्रमाणीकरण गरेको विधानमा त्रुटि छ भन्नु केटाकेटीपन हो ।'

क्रमशः पृष्ठ २ मा

# कांग्रेस संस्थापनइतरमै फुटको संकेत



आधा कांग्रेसमात्र बोकेर हिंड्दाको परिणाम हामीले गएको निर्वाचनमा भोगिसकेका छौं । यदि सबैलाई समेट्ने प्रयास भएन भने आगामी स्थानीय र प्रदेश निर्वाचनमा गत फागुन २१ को परिणामभन्दा पनि खराब अवस्था आउन सक्छ ।

■ **श्याम घिमिरे**



मैले त्यही बेला भनेको थिएँ । महाधिवेशनको हस्ताक्षर कीर्ते छ । रूजु गरौं भनेर पटक-पटक नेताहरूलाई भनेकै हो । छैन, नगर्ने नगर्ने भनेको छ । यता पनि मिलेको छ उता पनि मिलेको छ । त्यसैको परिणाम अहिले देखिँदै छ ।

■ **मोहन बस्नेत**




**नेपाली कांग्रेसको देउवापक्षले बुधबार बबरमहलस्थित कार्की ब्यांक्वेटमा आयोजना गरेको बागमती प्रदेशस्तरीय भेला ।**

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगन थापाविरुद्ध एकजुट भएका पूर्वसभापति शेरबहादुर देउवा र डा. शेखर कोइराला पक्षमै फुटको संकेत देखिन थालेको छ । सभापति थापाले केन्द्रीय समितिमा आफ्नो समूहका नेताहरूलाई मनोनीत गरेर लैजाँदासमेत देउवा समूहका पूर्णबहादुर खड्काले केही गर्ने हिम्मत नराखेको भन्दै नेताहरूबीच फुटको स्थिति देखिन थालेको हो ।

विशेष महाधिवेशन गर्न रोक्नुपर्नेमा देउवापक्ष र शेखरपक्षकै नेताहरूको कमजोरीका कारण गगनले पार्टी 'हाइज्याक' गरेको देउवापक्षका नेता मोहन बस्नेतले आरोप लगाए । 'हाइज्याक गरेर पार्टी कब्जा गरेकोमात्र हैन गराइएको हो । त्यस कारण उहाँसँग लत्रेर, झुकेर, सबै साथीभाइको सहमति नभइकन जान्नँ,' बुधबार बबरमहलस्थित कार्की ब्यैंक्वेटमा भएको देउवापक्षको भेलामा बस्नेतले भने, 'मैले त्यही बेला भनेको थिएँ । वार्ता शक्तिसँग हुन्छ, क्षमतासँग हुन्छ, लुतेलाङ्रेसँग हुँदैन । महाधिवेशनको हस्ताक्षर कीर्ते छ । रुजु गरौं भनेर पटक-पटक नेताहरूलाई भनेका हौं । छैन, नगर्ने नगर्ने भनेको छ । यता पनि मिलेको छ उता पनि मिलेको छ । त्यसैको परिणाम अहिले देखिएको हो ।'

विशेष महाधिवेशनका लागि विशेषगरी डा. शेखरले हस्ताक्षर अभियान सुरू गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## प्रधानमन्त्रीको...

स्थगनपछि अर्थमन्त्रीलाई प्रस्ताव प्रस्तुत गर्न दिने सहमति भए पनि प्रधानमन्त्री आफैंले जवाफ दिनुपर्ने विषयमा फेरि विवाद चर्कियो ।

प्रतिनिधिसभा नियमावलीमा प्रधानमन्त्री वा निजले तोकेको मन्त्रीले जवाफ दिन सक्ने व्यवस्था भए पनि विपक्षी दलहरूले प्रधानमन्त्रीकै उपस्थितिको माग गरे । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक कविन्द्र बुर्लाकोटीले नियमावलीअनुसार छलफल अघि बढाउनुपर्ने धारणा राखे । 'प्रधानमन्त्रीको अनुहार हेर्नकै लागिमात्रै हो भन्ने कुरा भएन,' उनले भने, 'प्रस्तुत गर्न दिने तर छलफल गर्न नदिने भन्ने पनि भएन ।'

तर, विपक्षी दलहरूले प्रधानमन्त्रीविनाको छलफल स्वीकार नगरेपछि बैठक पुनः अवरुद्ध भयो । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का प्रमुख सचेतक युवराज दुलालले कानुनी प्रावधान देखाएर प्रधानमन्त्री पन्छिन नमिल्ने बताए ।

'के नियमावली देखाएर यो संसद्मा प्रधानमन्त्रीको आवाज पाँच वर्षसम्म सुन्नै नपाउने हो ?,' उनले प्रश्न गरे, 'सिंगो जनता प्रधानमन्त्रीको आवाज सुन्न चाहिरहेका छन् ।'

उनले संविधानको धारा ७६ (१०) उद्धृत गर्दै प्रधानमन्त्री र मन्त्रिपरिषद् संघीय संसद्प्रति सामूहिकरूपमा उत्तरदायी हुने व्यवस्था स्मरण गराए । विपक्षी दलहरूले प्रधानमन्त्री आफैं उपस्थित भएर जवाफ नदिएसम्म बैठक चल्न नदिने अडान लिएपछि सभामुख अर्यालले बैठक बिहीबार (आज) बिहान ११ बजेसम्मका लागि स्थगित गरेका थिए ।

प्रधानमन्त्री शाहको संसद्प्रतिको व्यवहारलाई लिएर राजनीतिक वृत्तमा आलोचना चुलिएको छ । उनी अघिल्लो अधिवेशनमा पनि प्रायः मौन रहेका थिए । राष्ट्रपति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रम वाचन गरिरहेका बेला बीचमै बैठक छाडेर निस्किएको घटनालेसमेत आलोचना खेप्नुपरेको थियो । अहिले आफ्नै सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिनसमेत उपस्थित नभएपछि उनको कार्यशैलीमाथि थप प्रश्न उठेको छ ।

संसद् सचिवालयका पूर्वमहासचिव मनोहरप्रसाद भट्टराईले प्रधानमन्त्रीले संसद्मा उठेका प्रश्नहरूको जवाफ नदिनुले संसद्प्रति उत्तरदायी नभएको सन्देश जाने बताएका छन् । 'आफ्नै सरकारको नीति कार्यक्रम हो, त्यसप्रति सदनमा उठेका सवालको जवाफ दिनु उहाँ (प्रधानमन्त्री)को दायित्व हो, यसबाट अलग हुने उहाँलाई छुट हुँदैन,' उनले प्रभावसँग भने ।

प्रधानमन्त्री शाहको पछिल्लो अमर्यादित र अशोभनीय व्यवहारले संसदीय उत्तरदायित्व र लोकतान्त्रिक प्रणालीमाथि प्रहार गरेको कतिपयको टिप्पणी छ । उनीहरूका अनुसार लोकतन्त्रमा चुनाव जितेर सरकार गठन गर्नुमात्रै पर्याप्त हुँदैन, सत्तामा पुगेपछि जनता र संसद्प्रति उत्तरदायी हुनुपर्छ ।

राजनीतिशास्त्री डा. तारानाथ घिमिरे भन्छन्, 'लोकतन्त्रमा सरकारको शक्ति केवल बहुमतबाट होइन, जवाफदेहिताबाट वैध ठहरिन्छ । तर प्रधानमन्त्री शाह पछिल्लो समय संसद्मा कमै उपस्थित हुने, हुँदा पनि असंसदीय र अमर्यादित व्यवहार प्रदर्शन गर्ने र नीति तथा कार्यक्रममा उठेका प्रश्नको जवाफ दिन नचाहने यस्तो ठीक होइन ।'

संसद्मा नीति तथा कार्यक्रमबारे उठेका प्रश्नहरूको प्रत्यक्ष जवाफ दिनुपर्ने मागबीच प्रधानमन्त्री शाह बिहीबारको बैठकमा उपस्थित हुने वा नहुनेबारे भने अन्योल कायम छ । विपक्षी दलहरूले भने प्रधानमन्त्री स्वयं उपस्थित नभएसम्म नीति तथा कार्यक्रममाथिको छलफल सहजरूपमा अघि बढ्न नदिने चेतावनी दिएका छन् ।

■■■

## घटाइयो...

त्यसैगरी महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय र कृषि, वन तथा पर्यावरण मन्त्रालय बनाइएको छ । साविकको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्दै आएको सूचना प्रविधिसम्बन्धी कार्यलाई भने अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको छ ।

नयाँ सरकार गठन भएलगत्तै जारी गरिएको 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' अन्तर्गत प्रशासनिक सुधार र खर्च कटौतीका लागि मन्त्रालयको संख्या पुनरावलोकन गर्ने योजना अघि सारिएको थियो । सोही योजना कार्यान्वयन गर्न सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित 'पुनर्संरचना व्यवस्थापन सचिवालय'ले बुझाएको प्रतिवेदनकै आधारमा मन्त्रालयहरूको कार्यविभाजन, नाम परिवर्तन र एकीकरण गरिएको दाहालले जानकारी दिइन् । मन्त्रालयको संख्या आवश्यकताभन्दा ठूलो भई चालु खर्च बढेको समस्या समाधान गर्न र राज्य संयन्त्रलाई चुस्त बनाउन यो कदम चालिएको सरकारको भनाइ छ ।

■■■

## राजनीति गर्ने...

सकिने व्यवस्था रहेको सम्झाउँदै मन्त्रालयले कर्मचारीहरू राजनीतिक दल, भ्रातृ संगठनमा आबद्ध हुन नपाइने जनाएको छ ।

सूचनामा राजनीतिक गतिविधिमा संलग्न हुने, संगठनको सदस्यता लिने वा निर्वाचनमा उम्मेदवार बन्ने कर्मचारीलाई सेवाबाट हटाउन सकिने व्यवस्था रहेको मन्त्रालयले उल्लेख गरेको छ । निजामती कर्मचारी कुनै राजनीतिक दल, राजनीतिक दलको भ्रातृ संगठन, राजनीतिक दलको जन वर्गीय संगठन वा राजनीतिक दलसँग आबद्ध भई संगठनको सदस्यता लिएको वा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा कानुनबमोजिम कारबाही हुन समेत मन्त्रालयले जनाएको छ ।

■■■

## संघमा दुई...

प्रशासनले गुरुङ नेतृत्वको कार्यसमितिलाई माइन्युट, हिसाबकिताब, चेकलगायत आवश्यक कागजत २४ घण्टाभित्र बुझाउनु भनेकाले उक्त कार्यसमितिको औचित्य समाप्त भएको भण्डारीले दाबी गरे । 'सिडिओ कार्यालयले अर्को पक्षलाई सबै कुरा मागिसकेपछि यो कार्यसमिति विघटन भयो-भएन भनेर भनिराख्न परेन,' उनले भने, 'गुरुङ पक्षलाई के आदेश दिन्छ त्यो थाहा भएन, अब हामी विधानसम्मत गरिरहेका छौं । हामी विधानविपरीत भएको भए प्रशासनले तत्काल रोक्न भन्थ्यो होला नि !'

प्रबन्ध समितिको काम विवाद मिलाउने पनि भएकाले जिल्ला प्रशासन कार्यालयले विवाद मिलाऊ भनेको अवस्थामा त्यसका लागि पनि तयार रहेको उनको भनाइ छ । उक्त समितिले जेठ १४ गते निर्वाचन समेत घोषणा गरिसकेको छ ।

■■■

## कांग्रेस...

विशेष महाधिवेशनका लागि अभियानमार्फत ५४ प्रतिशत हस्ताक्षर जुटेपछि शेखर पछाडि हटेसँगै गगन महाधिवेशनका लागि अघि बढेका थिए । हस्ताक्षर बुझ्न देउवाले नमान्दा त्यतिबेला कार्यवाहक सभापति रहेका पूर्णबहादुर खड्काले बुझेका थिए ।

केन्द्रीय समितिमा ४० प्रतिशतले विशेष महाधिवेशन माग्दै हस्ताक्षर बुझाएमा महाधिवेशन बोलाउनैपर्ने विधानमा उल्लेख छ । यसै विधानको आधारमा विशेष महाधिवेशन पक्षधरले पुस मसान्तमा भृकुटीमण्डपमा महाधिवेशन आयोजना गरेको थियो । उक्त महाधिवेशन आयोजनापछि त्यतिबेला संस्थापनमा रहेका खड्काले तत्कालीन महामन्त्री रहेका गगन र विश्वप्रकाश शर्मालाई पाँच वर्षका लागि कांग्रेसबाट निष्कासन गरेको थियो ।

यसरी देउवापक्षकै नेता र शेखरपक्षको नेताको मिलेमतोमा गगनलाई नेतृत्व सुम्पिएको नेताहरूले आरोप लगाएका हुन् । 'मिलाइमिलाइ गगनको पक्षमा माहोल बनाइदिने काम उहाँहरूले गर्नुभयो । अहिले पनि नयाँ दल खोलौं भन्दा झुलाइरहेका छन्,' विशेष महाधिवेशन बहिस्कार गरेका एक नेताले भने ।

सोमबारमात्र सभापति थापाले शेखरपक्षका आठ जना र देउवापक्षका ११ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गरेसँगै संस्थापनइतर झनै कमजोर बनेको हो । नयाँ पार्टी बनाउने दबाबमा रहेका नेताहरूकै निकटका नेताहरूलाई गगनले केन्द्रीय समितिमा लगेपछि अहिले के गर्ने ? कसो गर्ने भन्ने विषयमा देउवा समूह र शेखर समूह अन्योलमा परेका छन् । कचिंगलका कारण अन्योलमा परेका स्थानीय नेता कार्यकर्ता भने नयाँ दलमा प्रवेश गर्न थालेका छन् ।

बागमतीस्तरीय भेलामा पूर्वउपसभापति प्रकाशमान सिंहले गगन विधि र प्रक्रिया मिचेर सभापति बन्दा पार्टी कमजोर बनेको र आफूहरू टुलुटुलु हेर्न बाध्य भएको बताए । 'पार्टीभित्र जुन प्रकारको विधि र प्रक्रिया अपनाउनुपर्ने हो, नेपाली कांग्रेसको विधानअनुसार, नियमअनुसार गर्नुपर्नेमा त्यसको विधि मिचेर पार्टीलाई कमजोर बनाउने कार्य हामीले टुलुटुलु हेरेर बस्नुपर्ने ? पार्टी सदस्यहरूको फर्जी हस्ताक्षरबाट पार्टीलाई कब्जा गर्न खोजिन्छ भने यहाँ कुन पार्टी राम्रोसँग सञ्चालन हुनसक्छ,' सिंहले भने ।

देउवानिकट नेता श्याम घिमिरेले ४६ प्रतिशतलाई बाहिर राखेर अघि बढे स्थानीय तहको निर्वाचनमा कांग्रेस बढारिने संकेत गरे । 'उहाँहरूकै भाषामा यो ५४ प्रतिशतकोमात्रै भेलाबाट बनेको समिति हो । ४६ प्रतिशतलाई बाहिर राखेर १०० प्रतिशतको कांग्रेस बन्न सक्दैन । आधा कांग्रेसमात्र बोकेर हिंड्दाको परिणाम हामीले गएको निर्वाचनमा भोगिसकेका छौं । यदि सबैलाई समेट्ने प्रयास भएन भने आगामी स्थानीय र प्रदेश निर्वाचनमा गत फागुन २१ को परिणामभन्दा पनि खराब अवस्था आउन सक्छ,' घिमिरेले भने ।

त्यसका लागि पार्टीमा संस्थापनपक्षले सम्मानजनक तरिकाले एकता गर्नुपर्ने उनले बताए । 'नेपाली कांग्रेस र नेपाली कांग्रेस प्रजातान्त्रिकको एकता गर्दा पनि सम्मानजनक ढंगले गिरिजाप्रसाद कोइरालाले दुई पक्षलाई मिलाउनुभएको थियो । त्यो मोडल हामीसँग अहिले पनि छ, त्यही मोडलमा पनि मिलाउन सकिन्छ । यो अहिलेको केन्द्रीय समितिलाई यो महाधिवेशन तयारी समितिको रूपमा रूपान्तरण गर्न सकिन्छ, केही सदस्यहरू बढेर केही फरक पर्दैन,' उनले भने ।

१४औं महाधिवेशनपछि प्रवक्ता बनेका डा प्रकाशशरण महतले कांग्रेस अहिले गम्भीर मोडमा पुगेको उल्लेख गर्दै पार्टीको बृहत् एकता हुनुपर्ने माग गरे । महतले अहिलेको अवस्थामा महासमितिको बैठक आयोजना गरेर कांग्रेस अघि बढ्नुपर्ने सुझाव भेलामा निस्किएको बताए । 'नेपाली कांग्रेस पार्टीको बृहत् एकता, संगठनात्मक पुनर्जागरण, विधान संशोधन, आन्तरिक लोकतन्त्र र आगामी राजनीतिक दिशाका विषयमा गम्भीर छलफल गर्न शीघ्र पूर्ण महासमितिको बैठक आयोजना गर्नु आवश्यक छ,' महतले भने । कांग्रेसले असोज १६ मा १५औं महाधिवेशन गर्ने कार्यतालिका ल्याएको छ । उक्त महाधिवेशन आयोजनाका लागि साझा संयन्त्र निर्माण गर्नुसमेत आवश्यक रहेको भेलाको निचोड रहेको महतले बताए । 'कांग्रेसको १५औं महाधिवेशनलाई पारदर्शी, निष्पक्ष, स्वतन्त्र र सर्वस्वीकार्य रूपमा सम्पन्न गर्न सबै पक्षको सम्मानजनक सहभागिता सुनिश्चित गर्नसहमतिको साझा संयन्त्र निर्माण गर्नु अपरिहार्य छ,' ख महतले भने ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८३/०१/३१ गते**

यस कम्पनीको मिति २०८३/०१/०३ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कुवाढी देवी टि इस्टेट प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अमृतवन टी ईस्टेट प्रा.लि. (प्रा.लि.नं. २९८०)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०१/३१ गते**

यस कम्पनीको मिति २०८३/०१/२१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **स्वाकन क्लिनिक सौराह प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सौराहा मेडिकेयर प्रा.लि. (प्रा.लि.नं. ३२२११६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कर्मचारी हटाइएको सूचना !

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यावसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **आकृति रिक्रुटीङ प्रा.लि.** (श्रम इजाजत पत्र नं. ९१७/०६७/०६८) मा कार्यरत तपसिल कर्मचारीहरूले आफ्नो व्यक्तिगत कारण देखाउँदै राजीनामा पत्र पेश गरेकाले निजहरूको राजीनामा स्वीकृत गरी यस कार्यालयबाट हटाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ र निज व्यक्तिहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरूको नाम | कर्मचारीहरूको पद | नगरिकता नं. |
|---|---|---|---|
| १ | सन्दिप लामा | अपरेशन म्यानेजर | २३५/२४५५ |
| २ | खिलराज गुर्मछान् | जेनेरल म्यानेजर | १७/३१०१/९९ |
| ३ | संगिता थापा | एच आर म्यानेजर | ३९-०१-७२-०६१५१ |

AAKRITI Recruiting Pvt. Ltd. LIC No. 917/067/068

AAKRITI RECRUITING PVT. LTD

Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-4110811, 4110826

E-mail : kunchha@arplteam.com, kunchhanepal@gmail.com, Web: www.arplteam.com



## युएईमा रोजगार

कम्पनी : MANARAT ALNEJOUM TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 339192 | चलानी नं. ६०२५२६४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic Asst. | 3 | 0 | 1300 | ५४,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 3 | 0 | 1500 | ६२,५०२ | | | | | | | |
| 3 | Insulation Worker | 2 | 0 | 1500 | ६२,५०२ | | | | | | | |
| 4 | Plumber | 3 | 0 | 1500 | ६२,५०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75

NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD

Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920, Ganga Prasad Giri 9713026256

Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : PURE VEGE SDN.BHD | Address : Jalan Warisan

पूर्व स्वीकृति मिति : २०८३/१२/३० | LT. No. 342082 | चलानी नं. ६०२५५३८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 50 | 0 | 1700 | ६६,१९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CHANDANI 1610/079/80

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD

Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari. 9851327379

Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



# Vacancy Announcement

**First Published Date: 14 May 2026**

Sichuan Jialixihe Construction Engineering Co. Ltd. is registered at the Office of the Sub Metropolitan Lalitpur on 26 Falgun 2082 B.S. The company is engaged in establishing a modern, well-equipped industry incorporating advanced machinery and technology to construct slaughterhouses for processing the meat of various animals (Buffalo, Chicken, Goat, Hen, Boars any many more). The Company also focuses to establish fully equipped cold storage facilities for the safe storage of processed meat. Furthermore, distribute meat products within the country as well as export them abroad. We urgently require competent and experienced candidates for the following positions. Nepalese candidates are highly encouraged to apply and will be given priority during the selection process.

Interested candidates are requested to submit their biodata/CV within **7 days** from the date of publication of this notice at the address mentioned below. Only shortlisted candidates will be contacted for a virtual interview.

| S. N. | Position | Qty | Qualification and Experience |
|---|---|---|---|
| 1 | Administrative Officer | 1 | Bachelor Degree/ Associate Degree with 3 Years work experience in relevant field |

Candidates must be fluent in reading, writing, and speaking the Chinese language due to Chinese investment involvement.

- **Contract Period:** 1 Year
- **Workplace:** Marin Rural Municipality, Ward No. 4, Sindhuli
- **Salary:** As per mutual understanding
- **Required Documents:** Previous work-related documents/certificates

**Sichuan Jialixihe Construction Engineering Co. Ltd.**

**Jwalgal, Ward no. 10, Lalitpur, Nepal**

**Contact no. : 9172027400**

**email: 779069403@qq.com**



## मलेसियामा रोजगार

कम्पनी : YS FOAM INDUSTRIES SDN BHD | Address : Kawasan Perindustrion Simpang Lima

पूर्व स्वीकृति मिति : २०८३/१२/३० | LT. No. 342012 | चलानी नं. ६०२५५३८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 13 | 0 | 1700 | ६६,१९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)

श्रम इजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com



## साउदीमा रोजगार

कम्पनी : BUSINESS ALLIANCE COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 320148 | चलानी नं. ६०२३४२९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | 1000 | ४०,७३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ६ गते (20th May 2026) मा हुनेछ ।

नोटः यो लट नं. ३२०१४८ को विज्ञापन मिति २०८३ वैशाख ३० गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गएकोले आज मिति २०८३ वैशाख ३१ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1284/074/75

S.N. Recruiting Service Pvt Ltd

Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



## साउदीमा रोजगार

कम्पनी : A Branch of Tanmia Oil & Construction Company Ltd.

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342018 | चलानी नं.६०२५५३५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 3 | 0 | 1000 | ४०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Al Yusr Industrial Contracting Company

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342017 | चलानी नं.६०२५५३५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 20 | 0 | 1000 | ४०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.१०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd

Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम ईजाजत नं. १३०५/०७४/०७५



• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०८३/०१/३१**

यस गुडविल फाइनान्स लिमिटेड(वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पूर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानतकर्तालाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरणः**

**नामः मेड एण्ड टेक प्रा. लि.**, ठेगानाः काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. ३, कं. दर्ता प्र.नं.: २३७००१/७६/०७७, कं. दर्ता मितिः २०७७/०२/२६, पान नं. ६०९७४७५६२, पान दर्ता मितिः २०७७/०२/२९, अख्तियार प्राप्त व्यक्तिः सुवास खत्री, कर्जाः व्यापारिक ।

**सुरक्षण बापत धितोको विवरण**

बचुराम के.सी.को बुहारी टहल बहादुर तामाङको छोरी धादिङ् जिल्ला धुनीबेशी न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल ऐ. जिल्ला ऐ. वडा नं. ऐ. बस्ने, गिता खत्रीको नाममा मालपोत कार्यालय कलंकीमा एकलौटी दर्ता कायम रहेको काठमाडौं जिल्ला दहचोक न.पा. वडा नं. ४ कि.नं. ८११ को क्षेत्रफलः १-२-२-२ को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।

**व्यक्तिगत जमानीकर्ता**

**नामः गिता खत्री**, स्थायी ठेगानाः धादिङ् जिल्ला धुनिबेशी न.पा. वडा नं. ९ बस्ने, बाबुः टहल बहादुर तामाङ, ससुराः बच्चुराम खत्री, पतिः शुबाश खत्री, ना.प्र.नं.: २६-०१-७७-०४३६६, जारी मितिः २०७७-०९-१९, जि.प्र.का. धादिङ् ।

**नामः सुवास खत्री**, स्थायी ठेगानाः धादिङ् जिल्ला धुनिबेशी न.पा. वडा नं. ९ बस्ने, बाबुः बच्चुराम के.सी., बाजेः शेर बहादुर खत्री, ना.प्र.नं.: २६३०४५/३२७, जारी मितिः २०६३-१०-०६, जि.प्र.का. धादिङ् ।

**नामः श्रीकृष्ण श्रेष्ठ**, ठेगानाः भोजपुर जिल्ला टक्सार गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. ५ बस्ने, बाबुः विष्णु राज श्रेष्ठ, बाजेः श्री प्रसाद श्रेष्ठ, ना.प्र.नं.: ७१२२, जारी मितिः २०६२-०१-११, जि.प्र.का. भोजपुर ।

**नामः बिजयता श्रेष्ठ**, ठेगानाः मोरङ्ग जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. ५ बस्ने, बाबुः भीम बहादुर श्रेष्ठ, बाजेः धन विर श्रेष्ठ, पतिः श्रीकृष्ण श्रेष्ठ, ना.प्र.नं.: ०५२०४३/२३१३२, जारी मितिः २०६९/०८/१२, जि.प्र.का. मोरङ्ग ।

**नामः उमेश प्रसाद सिम्खडा**, ठेगानाः काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने, बाबुः कृष्ण प्रसाद सिम्खडा, बाजेः धन श्याम सिम्खडा, ना.प्र.नं.: १९९३२, जारी मितिः २०५३-१२-२७, जि.प्र.का. काठमाडौं ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)

GOODWILL FINANCE LIMITED

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय

हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७

फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४

इमेलः info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

सतर्कता केन्द्रको प्रतिवेदन

# पाँच हजार २६५ जनाले बुझाएनन् सम्पत्ति विवरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सतर्कता केन्द्रद्वारा आर्थिक वर्ष २०८१/८२ को सम्पत्ति विवरण अनुमगन प्रतिवेदन बुधबार अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पेस गरेको छ । बुधबार एक कार्यक्रमबीच केन्द्रका सचिव सरजुकुमार वैद्यले आयोगका प्रमुख आयुक्त प्रेमुकमार राईसमक्ष प्रतिवेदन पेस गरेका हुन् ।

सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार सार्वजनिक पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र कानुनबमोजिम आफ्नो सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण पेस गर्नुपर्ने व्यवस्था छ ।

प्रतिवेदन बुझ्दै आयोगका प्रमुख आयुक्त राईले ऐनद्वारा तोकिएबमोजिम प्रतिवेदन पेस गरेकामा केन्द्रलाई धन्यवाद दिँदै सम्पत्ति विवरण नभराउने कार्यालय प्रमुखलाई सो विषयमा जिम्मेवार बनाउनुपर्ने र यसलाई कार्यसम्पादनसँग आबद्धता गर्नु आवश्यक रहेको कुरामा जोड दिए ।

अवकाशमा जाने कर्मचारीले अवकाशपत्र लिनु अगाडि सम्पत्ति विवरण भर्ने व्यवस्था गर्न र सातवटै प्रदेश एवं मन्त्रालय तहमा सम्पत्ति विवरण भर्नेसम्बन्धी अनुशिक्षण सञ्चालन गर्न उनले सुझाव दिए ।

प्रतिवेदनअनुसार सम्पत्ति विवरण बुझाउने दायित्व भएका संघका चार लाख ६९ हजार ८८० जना छन् । यस्तै, प्रदेशका २३ हजार ६०६ र स्थानीय तहका कूल दुई लाख ७८ हजार ८१२ कर्मचारी एवं पदाधिकारी छन् । कूल सात लाख ६७ हजार ३३ जनाले सम्पत्ति विवरण बुझाएको र पाँच हजार २६५ जनाले तोकिएको समयभित्र विवरण नबुझाएको पाइएको छ ।

विगत वर्षमाभन्दा सम्पत्ति विवरण नबुझाउनेको संख्या घट्दो क्रममा रहेको प्रतिवेदनबाट देखिन्छ । तोकिएको समयावधिभित्र सम्पत्ति विवरण नबुझाएका सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक तथा पदाधिकारीलाई प्रचलित कानुनबमोजिम आवश्यक कारबाहीका लागि आयोगले कदम चाल्ने आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

# कक्षा ११ र १२ का लागि कामपाको छात्रवृत्ति आवेदन भोलिदेखि

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले कक्षा ११ र १२ को छात्रवृत्तिका लागि भोलि जेठ १ गतेदेखि आवेदन खुला गर्ने भएको छ । कामपाका अनुसार इच्छुक विद्यार्थीले जेठ १ गते बिहान १०:०० बजेदेखि जेठ १० गते राति ११:५९ बजेसम्म अनलाइन फाराम भर्न सक्ने छन् ।

योग्य विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न छनोटका लागि जेठ १७ गते बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म परीक्षा सञ्चालन हुने पनि कामपा शिक्षा विभागका प्रमुख नमराज ढकालले जानकारी दिए । ढकालका अनुसार विद्यार्थीहरूलाई कक्षा १० को पाठ्यक्रम आधारित १०० वस्तुगत बहुवैकल्पिक प्रश्न सोधिने पनि बताए ।

ढकालका अनुसार कामपाले शिक्षामा गरेको लगानी, निगरानी, शिक्षा ऐन र कानुनको कडाइका साथ कार्यान्वयन गर्दा छात्रवृत्ति पाउने विद्यार्थीको संख्यामा हरेक वर्ष उल्लेख्य वृद्धि हुँदै आएको छ । गत शैक्षिक सत्रमामात्रै कामपाले दुई अर्ब २५ करोड रूपैयाँबराबर छात्रवृत्ति वितरण गरेको थियो ।

कानुन कार्यान्वयनको पहिलो वर्ष १३ हजार र दोस्रो वर्ष १९ हजार विद्यार्थीले यो सुविधा पाएकोमा गत वर्ष कक्षा १ देखि १० सम्मका १६ हजार ९८० र कक्षा ११ का ३ हजार ३०२ गरी कूल २० हजार २८२ जना विद्यार्थीले छात्रवृत्ति पाएको कामपाको भनाइ छ । गत सोमबार एसइईको परीक्षाफल प्रकाशित भएसँगै कामपाले कक्षा ११ र १२ मा छात्रवृत्तिका लागि १० दिनको समयसीमा निर्धारण गरेर आवेदन खुला गरेको हो ।


स्थानीय सरकार
**पाँचपोखरी थाङपाल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
थाङपालधाप, सिन्धुपाल्चोक

**परामर्श सेवा खरिद सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः– २०८३/०१/३१**

यस पाँचपोखरी थाङपाल गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक परामर्श दाताहरुले निम्न उल्लेखित शर्तहरु सहित सार्वजनिक खरिद ऐन २०६३, दोस्रो संशोधन अध्यादेश २०८३ सहित अनुसुचि १ (क) बमोजिम यस सूचना प्रकाशन मितिले ७ (सात) दिनभित्र सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ ।

**शर्तहरुः–**

- सिलबन्दी दरभाउपत्रका साथ व्यवसाय दर्ता, नविकरण तथा करचुक्ता पेश गर्नुपर्नेछ ।
- सार्वजनिक सुनुवाई कार्यक्रम पाँचपोखरी थाङपाल गाउँपालिकाको कार्यालयमा व्यवस्थापन गरी सञ्चालन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्न आर्थिक प्रस्ताव सहित पेश गर्नुपर्नेछ ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५१२७८५३०



**धितोमा रहेको जग्गा लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**मिति : २०८३/०१/३१ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना**

तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दै-दस्तुर रकम समेत संस्था संग गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त कबुलियतको उलघंन गरेको तथा संस्थाले पटक पटक लिखित मौखिक एवं स्थलगत भेटघाट आदिबाट तर ताकेता गर्दा समते भुक्तान गर्न नआएकोले उक्त कर्जा भुक्तान गर्न आउने बारेको ३५ (पहिलो पटक) दिने र १५ (दोस्रो पटक) दिने सार्वजनिक सूचना दिने प्रकाशित गरेकोमा कर्जा चुक्ता भुक्तान नगर्नु भएकोले सो कर्जाको सुरक्षण बापत यस संस्थामा धितोमा रहेको तपसिल बमोजिमको अचल सम्पत्तिको, प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम विक्रिका लागी पुनः यो ३५ (तेस्रो पटक) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तिर्नु बुझाउनु पर्ने संपूर्ण रकम चुक्ता भुक्तान नगरेमा ३६ (छत्तिस) औं दिनमा सहकारी ऐन २०७४ सहकारी नियमावलि २०७५ बागमती प्रदेश सहकारी ऐन २०७६ तथा संस्थाको निमय अनुसार तपसिलमा उल्लेखित मिति, स्थान र समयमा धितो लिलामको डाँक बढावह गरिने हुदाँ सो धितो खरिद सकार गरी लिन इच्छुक सर्वसाधारणलाई समेत यसै सूचनाबाट जानकारी गराइन्छ । कारण बस तपसिलमा उल्लेखित सम्पत्ति बिक्री नभएमा प्रचलित संस्था आफैले सकार गरी लिन सकिने र उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुलउपर नभएसम्म ऋणी लगाएत व्यक्तिगत धन जमानीकर्ताको अन्य चलअचल सम्पत्तिबाट समेत असुलउपर गरी लिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको नाम, ठेगाना तथा तिनपुस्ते विवरण | व्यक्तिगत जमानत दिनेको नाम ठेगाना तिनपुस्ते विवरण |
|---|---|---|
| १. | नाम :- विजय कुमार गहतराज<br>बाजे :- पहलमान विश्वकर्मा<br>बाबु :- हस्त बहादुर विश्वकर्मा<br>स्थाई ठेगाना :- सिन्धुपाल्चोक जिल्ला साविक गा.वि.स. वडा नं. ७ बलेफी<br>ना.प्र.नं.:- २४१००९/२११<br>जारी मिति :- २०६७/०८/१७<br>धितोको विवरण :- ऋणीकै नाममा<br>काठमाडौं जिल्ला नाङ्लेभारे वडा नं.५<br>मा रहेको कि.नं. २९२ क्षे.फ. १-१०-०-० जग्गा | नाम :- सरोज गहतराज<br>बाजे :- पहलमान विश्वकर्मा<br>बाबु :- हस्त बहादुर विश्वकर्मा<br>स्थाई ठेगाना :- सिन्धुपाल्चोक जिल्ला साविक गा.वि.स.वडा नं.७ बलेफी<br>ना.प्र. नं.:- २४१००९/३७३<br>जारी मिति :- २०६८/०३/१६ |

**लिलाम बिक्रीका शर्तहरू :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढि कबुल गर्ने व्यक्तिले आफुले बोलेको कुल रकमको १० प्रतिशतले हुने नगद रकम धरौटी वापत तुरुन्तै डाक बढाबढ गरेकै बखतमा यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृत पत्र पाएको मितिले १५ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ नबुझाएमा धरोटी रकम जफत गरिने छ । त्यसपछि दोस्रो बढि रकम कबोल गर्नेलाई मौका दिईने छ ।
३. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला खारेज गर्दा लाग्ने शुल्क लगत दस्तूर वापतको नगद रकम सबै आफैले व्यहोर्नु पर्ने छ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा गरेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको समयमा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने व्यक्तिलाई धितोको सुरक्षणको अचल सम्पत्ति दिइने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सूरक्षिर रहनेछ ।
६. जग्गा/घर हेर्न चाहेमा आफ्नो खर्चमा सम्बन्धित स्थाममा गई हेर्न सकिने छ ।
७. जग्गा धनि वा निजको प्रतिनिधि लिलाम विक्रि हुने समयमा उपस्थित हुनुपर्नेछ । तर निज व निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न वाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम बिक्री हुदाँ डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैले धितो जग्गा सकार गरी लिनेछ ।
९. शर्त बन्देज सहितको बोलपत्र फारम १ प्रतिको रु.१०००/- (एक हजार) फिर्ता नहुने गरी खरिद गर्न सकिने यस संस्थाको कार्यालयमा उपलब्ध हुन्छ ।
१०.यस बाहेकका जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गनुहोला ।

**धितो लिलाम हुने मिति, समय र स्थान :**
स.सं. लि.
लिलाम हुने मिति : २०८३।०३।०४
समय : दिनको २:०० बजे
स्थान : संस्थाको कार्यालय

**सुविधानगर जगदम्बा बचत तथा ऋण**
ललितपुर जिल्ला ल.म.न.पा.१४ सातदोवाटो
फोन नं.: ४९९०८२७



**क्यापिटल म्यानेजमेन्ट सर्भिस सेन्टर प्रा.लि. लाई खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७५/०५/०१ मा दर्ता भएको प्रा.लि.नं.१९६३१४/०७५/०७६ रहेको क्यापिटल म्यानेजमेन्ट सर्भिस सेन्टर प्रा.लि. पोखरा महानगरपालिका-८, कास्कीका शेयरधनीहरूको मिति २०८२/१२/३० मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कमपनी ऐन २०६३ को दफा १२६ अनुसार कम्पनी खारेजी (लिक्वीडेसन) मा लैजाने प्रस्ताव पारित भएकोले कम्पनी ऐन २०६३ अन्तर्गत रही कम्पनीको खारेजी प्रकृया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवम कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ । कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जाय जेथा कम्पनीका शेयरधनीहरूलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावि नगरिएमा पछि कसैको कुनै प्रकारको दावि नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**लिक्वीडेटर अधिवक्ता जयराम पराजुली (प्र.प.नं.४५८)**
**फोन नं. ९८५११४०३९३**
**ई–मेलः jrparajuli@gmail.com**
**सुन्धारा काठमाडौं, काठमाडौं ।**



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०१/३१**

**नेपाल एभरेष्ट वेस क्याम्प ट्रेकिङ्ग कम्पनी प्रा. लि.** को मिति २०८३/०१/२१ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल एभरेष्ट वेस क्याम्प प्रा. लि. (दर्ता नं. १९५६२४)** कायम गर्ने गरी मिति २०८३/०१/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७७।०६।०७ मा दर्ता भएको प्रा.लि.नं. २४२७६१ को **गरुडा ट्रडिङ्ग प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।११।२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना**

यस कार्यालयमा मिति २०६०/०४/१४ मा दर्ता भएको प्रा.लि.नं. २४६६४ को **सुनकोशी इन्टरनेशनल प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ 'क' बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/३१ गते**

यस कम्पनीको मिति २०८३/०१/१६ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **साख्वा लिकर्स प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जगत ज्ञानी प्रा.लि. (प्रा.लि.नं.२४९९९७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/३१ गते**

यस कम्पनीको मिति २०८३/०१/१० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फोर्जिङ् द फ्युचर एकेडेमी प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बिकटेश्वर ईङ्लिश सेकेण्डरी स्कूल काभ्रेपलाञ्चोक प्रा.लि. (प्रा.लि.नं. २८९९५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७५।११।२३ मा दर्ता भएको प्रा.लि.नं. २१०२३९ को **डि.एस.आर. मल्टिमिडिया प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**युएइमा रोजगार** — कम्पनी : **DESCON ENGINEERING**

पूर्व स्वीकृति मिति : २०८२/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/30 | LT. No. 328769 | चलानी नं. ६०२४२५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 0 | 1000 | ४१,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe Fitter | 50 | 0 | 1300 | ५४,१४० | | | | | | | |
| 3 | Riggers | 50 | 0 | 1200 | ४९,९८० | | | | | | | |
| 4 | Scafolder | 50 | 0 | 1300 | ५४,१४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान:** Hotel Seven Star Bajrang Chowk Janakpur Dham-8 (Near Janaki Temple) & Ram Janaki Training Center Janakpur-7 मा मिति: २०८३ जेठ ४ गते (18 May. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
Sukedhara, Kathmandu, Nepal, Tel:01-4375822/4375824, Mob:9841781155, 9808818851, 9851015421, 9746458492, 9761489786, E-mail:cm.seagull55@gmail.com, Web:www.seagullnepal.com.np



**कुवेत/कतारमा रोजगारको अवसर** — कम्पनी : **TRIBAL HEALTH INSTITUTE FOR MEN**

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342023

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SPA THERAPIST | 10 | 0 | 150 | ७४,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **NAIL AND BEAUTY LOUNGE**

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342026

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Technician | 0 | 2 | 1700 | ४९,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **FLEEK KUWAIT RESTAURANT CO**

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 334595 | चलानी नं. ६०२४८२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVER/DRIVER | 5 | 0 | 140 | ६९,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistance Cook | 44 | 0 | 140 | ६९,४८५ | | | | | | | |

कम्पनी : **OLIVE SALON FOR LADIES BEAUTY CO.**

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 338855 | चलानी नं. ६०२५२४१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 2 | 120 | ५९,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Light | 2 | 0 | 150 | ७४,४५० | | | | | | | |
| 3 | Hair Dress/hair Stylist | 0 | 2 | 150 | ७४,४५० | | | | | | | |
| 4 | Manicure & Pedicure Beautician | 0 | 3 | 150 | ७४,४५० | | | | | | | |
| 5 | Nail Technicial(Manicurist/pedicurist) | 0 | 3 | 150 | ७४,४५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



# Vacancy Announcement

**First Published Date: 14 May 2026**

Himalayan Food International Pvt. Ltd. is registered at the Office of the Company Registrar on 18 Magh 2069 B.S. The company is engaged in establishing a modern, well-equipped industry incorporating advanced machinery and technology to construct slaughterhouses for processing the meat of various animals (Buffalo, Chicken, Goat, Hen, Boars any many more). The Company also focuses to establish fully equipped cold storage facilities for the safe storage of processed meat. Furthermore, distribute meat products within the country as well as export them abroad. We urgently require competent and experienced candidates for the following positions. Nepalese candidates are highly encouraged to apply and will be given priority during the selection process.

Interested candidates are requested to submit their biodata/CV within **7 days** from the date of publication of this notice at the address mentioned below. Only shortlisted candidates will be contacted for a virtual interview.

| S. N. | Position | Qty | Qualification and Experience |
|---|---|---|---|
| 1. | Assistant Manager | 1 | Associate/ Diploma Degree with 3-4 Years work experience in relevant field |
| 2. | Finance Manager | 1 | Bachelor Degree in Management with 4-5 Years work experience |

Candidates must be fluent in reading, writing, and speaking the Chinese language due to Chinese investment involvement.

- **Contract Period:** 1 Year
- **Workplace:** Marin Rural Municipality, Ward No. 4, Sindhuli
- **Salary:** As per mutual understanding
- **Required Documents:** Previous work-related documents/certificates

**Himalayan Food International Pvt. Ltd.**
**Chakupath-10, Lalitpur, Nepal**
**Contact no. : 9713719938**
**email: Chenming@ziyanfoods.com**



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: **PEACE PACK SDN BHD**
कम्पनी : **पीस प्याक एसडिएन बिएचडि**

Pre Approval Date : 2026-05-05 / पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | Post Approval Date : 2026-05-13 / पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 341541 / एल टि न. ३४१५४१ | Invoice No. 60254878 / चलानी नं. ६०२५४८७८

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | जेनेरल वर्कर/फ्याक्ट्री वर्कर General Worker/ Factory Worker | १० 10 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १७०० 1700 | ६६,२७० 66,270 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

The final interview will be conducted in the office on 21st May. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय ललितपुरमा मितिः २०८३ जेठ ७ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना यस प्रा.लि.मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to S. And S. Human Resource Pvt. Ltd. to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रु.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

S. And S. Human Resource Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Mobile no: 9849038785, Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### आगामी बजेटले तय गर्नुपर्ने 'रोडम्याप'

झण्डै दुईतिहाइ बहुमतसहित राष्ट्रिय स्वतन्त्र पार्टीले सत्ता सञ्चालन गरिरहेको छ । जेन-जी विद्रोहको जगमा भएको निर्वाचनमार्फत वर्तमान सरकार बनेको हो । सुविधाजनक बहुमत भएको हुँदा यो सरकारलाई अहिले सुधारको काम गर्नका लागि सुनौलो अवसर छ । यहीबीच सरकार यतिबेला आगामी आर्थिक वर्षको २०८३/८४ को बजेट निर्माणमा जुटेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यो कामको नेतृत्व गरिरहेका छन् । बजेट निर्माणका क्रममा सरोकारवाला सबै पक्षको सुझावलाई समेत समेट्नुपर्छ ।

आगामी बजेटका लागि पहिलो प्राथमिकता विनियोजन कुशलता र पुँजीगत खर्चको प्रभावकारिता हुनुपर्छ । विगतमा जस्तै आर्थिक वर्षको अन्त्यमा हतारहतार खर्च गर्ने 'असारे विकास'को प्रवृत्तिलाई अन्त्य गर्न अर्थमन्त्रीले सचिवहरूलाई दिएको रकमान्तरको अधिकार र आयोजना बैंकको अवधारणालाई बजेटले संस्थागत गर्नुपर्छ । साना र टुक्रे योजनामा बजेट छरेर राजनीतिक लक्ष्य पूर्ति गर्ने परिपाटीलाई कडाइका साथ रोक्दै रणनीतिक महत्त्वका आयोजनामा मात्र संघीय बजेट केन्द्रित हुनुपर्छ ।

दोस्रो, लगानीमैत्री वातावरण र निजी क्षेत्रको मनोबल वृद्धि गर्नु बजेटको अनिवार्य सर्त हो । अर्थमन्त्रीले उल्लेख गरेका १५ वटा कानुनको खारेजी र वैकल्पिक विकास वित्त परिचालनको विधेयकले निजी क्षेत्रलाई उत्साहित बनाएको छ । आगामी बजेटले स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न करका दरहरूमा स्थिरता, प्रक्रियागत सरलीकरण र 'डुइङ बिजनेस' लागत घटाउने ठोस प्याकेज ल्याउनुपर्छ । विशेषगरी ठूला पूर्वाधारमा निजी लगानी भित्र्याउन सार्वजनिक-निजी साझेदारी मोडललाई प्रोत्साहन गर्ने नीति बजेटको प्राथमिकतामा पर्नुपर्छ ।

तेस्रो, राजस्व प्रशासनमा शुद्धीकरण र सुशासनलाई बजेटले थप प्राथमिकता दिनुपर्छ । भन्सार र कर प्रशासनमा प्रविधिको प्रयोग बढाउने, चुहावट नियन्त्रण गर्ने र कर्मचारीको कार्यक्षमतामा सुधार ल्याउनेगरी प्रस्तावित आचारसंहिता र डिजिटल प्रणालीलाई अझ व्यापक बनाइनुपर्छ । महिनाको दुईपटक तलब दिनेजस्ता सुधारात्मक कदमले कर्मचारीमा उत्साह भरे पनि राज्यको व्ययभार घटाउन मितव्ययिताका कार्यक्रमहरूलाई कडाइका साथ लागू गर्नु बजेटको चुनौती र अवसर दुवै हो ।

चौथो, आर्थिक कूटनीति र वैदेशिक सहायताको सदुपयोगलाई उच्च प्राथमिकतामा राख्नुपर्छ । वैदेशिक अनुदान र ऋणलाई केवल उपभोगमामात्र खर्च नगरी उत्पादनशील क्षेत्र र राष्ट्रिय गौरवका आयोजनामा परिचालन गर्ने रणनीति बजेटले लिनुपर्छ । विदेशी लगानीकर्ताहरूसँगको संवादलाई मूर्त रूप दिन बजेटले कूटनीतिक संयन्त्रलाई थप प्रभावकारी बनाउने कार्यक्रम ल्याउनुपर्छ । अर्थमन्त्रीले ३० दिनमा देखाएको सुधारको तत्परतालाई आगामी बजेटले पूर्णता दिनुपर्छ । परम्परागत ढर्राको बजेट लेखनभन्दा माथि उठेर आर्थिक पुनरुत्थान, रोजगारी सिर्जना र वित्तीय अनुशासन कायम गर्नेगरी बजेट तर्जुमा हुनु आजको राष्ट्रिय आवश्यकता हो ।

# मिलापत्रः पीडितकै लागि नबनोस् पासा



❑ राजेश विद्रोही

"नेपालमा बलात्कार मुद्दा मिलापत्र गर्न नपाइने कानुनी व्यवस्था छ । सर्वोच्च अदालतले पनि विभिन्न फैसलामार्फत यौन हिंसाका मुद्दामा सामाजिक मिलापत्रलाई गैरकानुनी भनेको छ । तर व्यवहारमा अझै पनि स्थानीय तहदेखि प्रहरीसम्म सम्झौता गर्ने परिपाटी धेरै छ । विशेषगरी मधेसका ग्रामीण क्षेत्रमा जातीय शक्ति सम्बन्ध, आर्थिक असमानता र पितृसत्तात्मक सोचले न्याय प्रणालीलाई कमजोर बनाइरहेको छ । यस समस्याको समाधान केवल कानुन बनाएरमात्र सम्भव छैन । प्रहरी प्रशासनलाई उत्तरदायी र संवेदनशील बनाउनुपर्छ । बाल यौनशोषणका घटनामा उजुरी नलिने वा मिलापत्र गराउने प्रहरीमाथि कारबाही हुनुपर्छ ।

केही दिनअघि सिरहामा घटेको एउटा घटनाले मधेस समाजभित्र गहिरिँदै गएको सामाजिक, कानुनी र मानवीय संकटलाई फेरि उजागर गरेको छ । यादव थरका १९ वर्षीय युवकले थारू समुदायकी १३ वर्षीया बालिकालाई स्कुल पुऱ्याइदिन्छु भन्दै मोटरसाइकलमा राखेर लिएर जान्छ तर स्कुलमा नपुऱ्याई उनलाई एउटा होटलमा लगेर जबर्जस्ती गर्छन् । त्यो सम्बन्ध सहमतिमा थियो कि जबर्जस्ती, अनुसन्धानको विषय हुनसक्छ ।

नेपालको कानुनले २० वर्षभन्दा कम उमेरकी बालिकासँग भएको कुनै पनि यौन सम्बन्धलाई सहमतिको आधारमा वैध मान्दैन किनकि २० वर्षभन्दा कम उमेरका बालबालिकाले यौनसम्बन्धका लागि कानुनी सहमति दिन सक्दैनन् । घटनापछि बालिका पारिवारिक डर, लाज र सामाजिक त्रासका कारण चुप लागेर बस्छिन् । समय बित्दै जाँदा गर्भ रहन्छ । परिवारले थाहा पाएपछि प्रहरीमा उजुरी पर्छ । प्रहरीले युवकलाई पक्राउ गर्छ तर भोलिपल्टै गाउँका अगुवा, दुवै पक्षका अभिभावक र स्थानीय भलादमीहरू प्रहरी चौकीमा भेला भएर मिलापत्रको बाटो खोज्न थाल्छन् । अन्ततः युवकले बालिकालाई स्वीकार्ने र विवाह गरेर घर भित्र्याउने सहमति हुन्छ । प्रहरी पनि कानुनी प्रक्रिया अघि बढाउनुको सट्टा प्रहरी चौकी बाहिर मिलाउनुस् भन्दै दुवैलाई अभिभावकको जिम्मा लगाउँछ ।

केही महिनापछि बालिकाले शल्यक्रियामार्फत छोरी जन्माउँछिन् । उमेर सानो भएकाले शारीरिक जटिलता आउँछ, दूधसमेत आउँदैन । बच्चा बाहिरी दूधको भरमा बाँच्छ । उता बालिकामाथि घरभित्र मानसिक हिंसा सुरु हुन्छ । बच्चा राख्ने, तिमीलाई नराख्ने भन्दै सासूले दबाब दिन्छिन् । युवकलाई विदेश पठाउने तयारी हुन्छ । बालिका न माइतीकी रहन्छिन्, न घरकी । उनले पटक-पटक आत्महत्या गर्ने प्रयास गर्छिन् । पटक-पटक कोशी नदीमा हामफाल्न खोजे पनि बच्चालाई सम्झेर फर्किन्छिन् । यो कुरा माइतीमा पुग्छ । अन्ततः उनकी आमाले फेरि प्रहरी चौकीमा उजुरी दिन खोज्दा प्रहरी उजुरी नै लिन मान्दैन ।

यो एउटा प्रतिनिधि घटनामात्र हो । मधेसका धेरै गाउँहरूमा यस्ता घटना सामान्य सामाजिक अभ्यासझैं बनिरहेका छन् । गाउँको पञ्चायत, स्थानीय नेताहरू र कहिलेकाहीँ प्रहरीसम्मको मिलेमतोमा बलात्कार, बालविवाह र बाल यौनशोषणलाई मिलापत्रमा टुंग्याउने प्रवृत्ति बढ्दो छ । यसको सबैभन्दा ठूलो पीडित गरिब, दलित, जनजाति र सीमान्तकृत समुदायका बालिकाहरू भइरहेका छन् ।

नेपालको संविधान २०७२ ले प्रत्येक बालबालिकालाई हिंसामुक्त जीवन, शिक्षा, स्वास्थ्य र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ । संविधानको धारा ३९ ले बालबालिकाविरुद्ध हुने शोषण, बालविवाह र हिंसालाई स्पष्टरूपमा निषेध गरेको छ । त्यस्तै मुलुकी अपराधसंहिता २०७४ अनुसार २० वर्षभन्दा कम उमेरकी बालिकासँग यौनसम्पर्क राख्नु जबर्जस्ती करणी मानिन्छ । बालिकाले सहमति दिएको भनिए पनि त्यो कानुनीरूपमा मान्य हुँदैन ।

विद्यमान कानुनअनुसार १० वर्षभन्दा बढी र २० वर्षभन्दा कम उमेरकी बालिकामाथि जबर्जस्ती करणी भएमा १८ देखि २० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । यहाँ पीडित बालिका केवल १३ वर्षकी छिन् । त्यसैले यो घटना स्पष्टरूपमा गम्भीर फौजदारी अपराधभित्र पर्छ । यस्तो मुद्दा मिलापत्र हुन नसक्ने अर्थात् राज्यविरुद्धको अपराध हो तर व्यवहारमा गाउँको सामाजिक दबाब, जातीय शक्ति सन्तुलन, गरिबी, अशिक्षा र पितृसत्तात्मक सोचका कारण यस्ता घटना अदालत पुग्नै पाउँदैनन् ।

नेपाल प्रहरीको तथ्यांक हेर्ने हो भने प्रत्येक वर्ष बलात्कार तथा बाल यौनशोषणका हजारौं घटना दर्ता हुन्छन् । प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा मात्रै दुई हजार ३०० भन्दा बढी बलात्कारका मुद्दा दर्ता भएका थिए । तीमध्ये ठूलो हिस्सा बालिकामाथिका घटनाहरू थिए । राष्ट्रिय महिला आयोग र विभिन्न मानवअधिकार संस्थाहरूका अनुसार मधेस प्रदेशमा बालविवाह र बाल यौनशोषणको दर अझै उच्च छ ।

युनिसेफको तथ्यांकअनुसार नेपालमा २० देखि २४ वर्ष उमेर समूहका करिब ३३ प्रतिशत महिलाको विवाह १८ वर्ष नपुग्दै भएको छ । मधेस प्रदेशमा यो दर अझै बढी छ । बालविवाहसँगै किशोरी गर्भावस्था, मातृमृत्यु, विद्यालय छोड्ने समस्या र घरेलु हिंसा गम्भीररूपमा जोडिएका छन् । १३ वर्षको उमेरमा गर्भवती हुनु आफैंमा अत्यन्त जोखिमपूर्ण अवस्था हो । विश्व स्वास्थ्य संगठनका अनुसार १५ वर्षभन्दा कम उमेरका किशोरीमा गर्भधारण हुँदा मृत्युको जोखिम धेरै हुन्छ । शारीरिकरूपमा पूर्णविकसित नभएकाले प्रसूति जटिलता, रक्तश्राव, कुपोषण र मानसिक आघातको सम्भावना उच्च हुन्छ । सिरहाको यो घटनामा पनि बालिकाले शल्यक्रियाबाट बच्चा जन्माउनुपरेको छ । यो केवल एउटा व्यक्तिगत पीडा होइन, राज्य र समाजको असफलताको प्रमाण हो ।

सबैभन्दा दुःखद् पक्ष भनेको पीडितले न्याय खोज्न जाँदा राज्य संयन्त्र नै उदासीन बन्नु हो । कानुनअनुसार प्रहरीलाई कुनै पनि फौजदारी अपराधको उजुरी दर्ता गर्न अस्वीकार गर्ने अधिकार छैन । यदि प्रहरी कार्यालयले उजुरी लिन मानेन भने पीडितले जिल्ला प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय, राष्ट्रिय महिला आयोग वा अदालतसम्म जान सक्छिन् । तर गरिब, अशिक्षित र सामाजिकरूपमा कमजोर परिवारका लागि यी कानुनी बाटाहरू सजिला छैनन् । उनीहरू स्थानीय शक्ति संरचना, आर्थिक अभाव र सामाजिक बदनामीको डरले दबिन्छन् ।

मधेस समाजमा अहिले पनि इज्जत जोगाउने नाममा बलात्कारका घटनालाई विवाहमार्फत समाधान गर्ने प्रवृत्ति बलियो छ । धेरै अभिभावकहरू छोरीको भविष्यभन्दा सामाजिक बदनामीबाट डराउँछन् । परिणामतः पीडित बालिकालाई नै अपराधीसँग बाँधिन्छ । यस्तो विवाह प्रेम वा सहमतिमा होइन, दबाब र असमान शक्तिसम्बन्धको आधारमा हुन्छ । त्यसैले त्यहाँ हिंसा, दमन र मानसिक यातना दोहोरिइरहन्छ ।

यहाँ अर्को गम्भीर प्रश्न पनि उठ्छ, प्रहरी चौकीमै मिलापत्रको वातावरण बनाइन्छ, त्यसले अपराधीलाई संरक्षण र पीडितलाई निरुत्साहित हुने काम त भएको छैन ? प्रहरीको दायित्व अपराध अनुसन्धान गरेर कानुनी प्रक्रिया अघि बढाउनु हो, गाउँको सामाजिक दबाबअनुसार अपराध मिलाउनु होइन । नेपालमा बलात्कार मुद्दा मिलापत्र गर्न नपाइने कानुनी व्यवस्था छ । सर्वोच्च अदालतले पनि विभिन्न फैसलामार्फत यौन हिंसाका मुद्दामा सामाजिक मिलापत्रलाई गैरकानुनी भनेको छ । तर व्यवहारमा अझै पनि स्थानीय तहदेखि प्रहरीसम्म सम्झौता गर्ने परिपाटी धेरै छ । विशेषगरी मधेसका ग्रामीण क्षेत्रमा जातीय शक्ति सम्बन्ध, आर्थिक असमानता र पितृसत्तात्मक सोचले न्याय प्रणालीलाई कमजोर बनाइरहेको छ ।

यस समस्याको समाधान केवल कानुन बनाएरमात्र सम्भव छैन । पहिलो कुरा, प्रहरी प्रशासनलाई उत्तरदायी र संवेदनशील बनाउनुपर्छ । बाल यौनशोषणका घटनामा उजुरी नलिने वा मिलापत्र गराउने प्रहरीमाथि कारबाही हुनुपर्छ । दोस्रो, स्थानीय तह, विद्यालय र समुदायमा बालविवाह तथा यौन हिंसाविरुद्ध व्यापक जनचेतना अभियान आवश्यक छ । तेस्रो, पीडित बालिकाका लागि सुरक्षित आश्रय, मनो-सामाजिक परामर्श, स्वास्थ्य सेवा र कानुनी सहायता सुनिश्चित गर्नुपर्छ । राज्यले यस्ता बालिकालाई केवल केसको रूपमा होइन, अधिकारविहीन नागरिकको रूपमा हेर्नुपर्छ । उनीहरूलाई शिक्षा, स्वास्थ्य, पुनर्स्थापना र सम्मानित जीवनको अवसर दिनुपर्छ । नत्र प्रत्येक गाउँमा यस्तै मिलापत्रको पासोमा हजारौं बालिकाको भविष्य बर्बाद भइरहने छ ।

सिरहाकी ती १३ वर्षीया बालिका अहिले आफ्नै बच्चालाई भेट्नसमेत नपाउने अवस्थामा छिन् । उनी नाबालिका हुन्, पीडित हुन्, न्याय खोजिरहेकी नागरिक हुन् तर समाजले उनलाई अपराधीझैं व्यवहार गरिरहेको छ । यही नै हाम्रो सामाजिक संरचनाको क्रूर यथार्थ हो । जब बलात्कारलाई विवाहले ढाकिन्छ तब न्याय मर्छ । जब प्रहरी चौकीमा पञ्चायत बस्छ, तब कानुन हार्छ । जब पीडित बालिका आत्महत्या सोच्न बाध्य हुन्छिन्, तब राज्यको नैतिकता समाप्त हुन्छ । त्यसैले अब प्रश्न केवल एउटा घटनाको होइन । प्रश्न यो हो- के हामी बालिकाको जीवन बचाउने समाज निर्माण गर्दै छौं कि अपराधलाई मिलापत्रको नाममा वैधता दिने समाज ? यदि राज्य, समाज र न्याय प्रणाली अहिले पनि मौन बसिरहने हो भने मिलापत्र वास्तवमा न्यायको होइन, पीडितहरूको जीवन निल्ने पासो बनेर रहिरहने छ । *रासस*

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

## पाठक मञ्च

### कांग्रेसका नेताहरूलाई सुझाव- पार्टी फुटको बीउ नरोप्नुहोस्

मुलुकको सबैभन्दा पुरानो र प्रजातान्त्रिक आन्दोलनको संवाहक नेपाली कांग्रेसभित्र पछिल्लो समय देखिएको आन्तरिक कचिंगलले आमनागरिक, लोकतन्त्रप्रेमी र निःस्वार्थी कार्यकर्ताहरूमा गहिरो चिन्ता जगाएको छ । विशेष महाधिवेशनपछि पार्टीभित्रको विवाद मत्थर होला र १५औं महाधिवेशनसम्म पुग्दा कांग्रेस एउटा नयाँ उचाइमा पुग्ला भन्ने अपेक्षा गरिएको थियो । तर, केन्द्रीय समितिको विस्तार र मनोनयनसम्म आइपुग्दा विवाद झन् विष्फोटक बनेको छ ।

इतिहास साक्षी छ, नेपाली कांग्रेस जब-जब एकजुट भएको छ, देशले ठूला राजनीतिक र सामाजिक उपलब्धिहरू हासिल गरेको छ । २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन होस् वा २०६२/६३ को ऐतिहासिक परिवर्तन- यी सबैमा कांग्रेसको नेतृत्वदायी र एकीकृत भूमिका थियो । तर, विडम्बना ! कांग्रेसको इतिहासमा जति गौरवशाली अध्यायहरू छन्, त्यति नै विभाजन र आन्तरिक कलहका नमीठा रेखाहरू पनि कोरिएका छन् । आज फेरि सभापति गगन थापा र असन्तुष्ट देउवा-शेखर पक्षबीच जुन खाडल देखिएको छ, यसले पार्टीलाई फेरि त्यही २०५९ सालकै जस्तो नमीठो दुर्घटनातिर धकेल्ने जोखिम बढेको छ ।

पार्टी सभापति थापालाई मेरो पहिलो सुझाव यो छ कि नेतृत्वले सधैं उदारता र समन्वयको बाटो रोज्नुपर्छ । युवा जोस, भिजन र नयाँ कार्यशैलीले पार्टीमा ऊर्जा त भर्छ, तर अनुभवी पुस्ता र फरक मत राख्ने समूहलाई पूर्णतः बाहिर राखेर हिँड्दा 'बृहत् एकता' को नारा केवल चुनावी भाषणमामात्र सीमित रहन्छ । १९ जना केन्द्रीय सदस्य मनोनयन गर्दा अन्य समूहका शीर्ष नेताहरूसँग आवश्यक परामर्श नगर्नु राजनीतिकरूपमा अपरिपक्व कदम देखिन सक्छ । नेतृत्व भनेको सबैलाई एउटै मालामा गाँस्ने धागो हो । यदि धागोले नै मोतीहरूलाई जोड्न चाहेन वा सकेन भने माला छरिनु स्वाभाविक हुन्छ । तसर्थ, सभापतिले आफ्नो निर्णयमा पुनर्विचार गरी सबै समूहलाई अपनत्व महसुस हुने वातावरण बनाउनु आजको प्राथमिक आवश्यकता हो । एक्लै हिँड्दा छिटो पुगिएला, तर सबैलाई साथ लिएर हिँड्दामात्र गन्तव्यमा पुगिन्छ भन्ने कुरा नेतृत्वले भुल्नु हुँदैन ।

अर्कोतर्फ, असन्तुष्ट पक्षका नेताहरू- शेरबहादुर देउवा, डा. शेखर कोइराला, पूर्णबहादुर खड्का, विमलेन्द्र निधि र कृष्णप्रसाद सिटौलालगायतलाई पनि मेरो विनम्र आग्रह छ- गुट र उपगुटभन्दा माथि उठेर पार्टीको समग्र अस्तित्वको बारेमा सोच्नुहोस् । नयाँ पार्टी खोल्ने वा विद्रोह गर्ने चेतावनी दिनु भनेको आफैंले दशकौं लगाएर बनाएको घरमा आफैंले आगो लगाउनुसरह हो । सानातिना प्राविधिक विषय, पदको बाँडफाँड र मनोनयनको संख्यालाई लिएर पार्टी नै विभाजन गर्ने तहसम्म पुग्नु भनेको लाखौं क्रियाशील कार्यकर्ताको भावनामाथिको घोर अपमान हो । १५औं महाधिवेशनलाई 'एकताको महाधिवेशन' बनाउने संकल्प गर्ने, तर स-साना खिचातानीमा अल्झिएर जेठ १० को 'अल्टिमेटम' दिनुले नेताहरूमा सैद्धान्तिक निष्ठाभन्दा व्यक्तिगत र गुटगत स्वार्थ बढी हाबी भएको सन्देश जान्छ ।

अहिलेको राजनीतिक परिवेश १० वा २० वर्षअघिको जस्तो छैन । परम्परागत पार्टीहरूका लागि चुनौतीका रूपमा नयाँ शक्तिहरूको तीव्र उदय भइरहेको छ । निराशा र वितृष्णाका कारण कांग्रेसका तल्लो तहका कार्यकर्ताहरू धमाधम अन्य वैकल्पिक शक्तिहरूतिर आकर्षित भइरहेका छन् । यो कुनै एउटा गुटको हार वा अर्को गुटको जित होइन, यो समग्रमा लोकतान्त्रिक विचार र कांग्रेसको जग भत्किनु हो । जब घरभित्रै दाजुभाइबीच झगडा हुन्छ, बाहिरी शक्तिले त्यसको फाइदा उठाउनु स्वाभाविक हो । यस्तो संवेदनशील समयमा नेताहरूले 'म' होइन 'हामी' र 'मेरो गुट' होइन 'हाम्रो कांग्रेस' भन्ने भावना जगाउनु अपरिहार्य छ ।

कांग्रेसभित्रको यो विवाद केवल व्यक्तिको पदको लडाइँमात्र होइन, यो पद्धति र राजनीतिक संस्कारको पनि परीक्षा हो । सभापतिले विधिसम्मत र पारदर्शी ढंगले पार्टी चलाउनुपर्छ भने असन्तुष्ट पक्षले पनि अहंकार त्यागेर रचनात्मक सहयोगको हात बढाउनुपर्छ । हरेक साना निर्णयमा पनि भागबण्डा खोज्ने र भाग नपुगे विद्रोह गर्ने प्रवृत्तिले कांग्रेसलाई 'विचारको केन्द्र' होइन, केवल 'स्वार्थको क्लब' बनाउने छ । पार्टीभित्र आन्तरिक लोकतन्त्र जीवित हुनुपर्छ, तर त्यो लोकतन्त्र पार्टीलाई नै समाप्त पार्ने हतियार बन्नु हुँदैन ।

अन्त्यमा, कांग्रेसका सबै तहका शीर्ष नेताहरूलाई मेरो सविनय सुझाव छ- बाँकी रहेका असमझदारीहरूलाई अहंकार त्यागेर वार्ताको टेबुलबाटै सुल्झाउनुहोस् । कार्यकर्ता र शुभेच्छुकहरूलाई विभाजनको पीडा र त्रास होइन, एकताको उत्साह र भरोसा दिनुहोस् । मुलुकको लोकतन्त्र बलियो हुनका लागि कांग्रेस बलियो र एकताबद्ध हुनुपर्छ । यदि नेताहरू बेलैमा सचेत भएनन् र पार्टी फुट्यो भने इतिहासको कठघरामा तपाईंहरूले आउँदो पुस्तालाई दिने जवाफ बाँकी रहने छैन ।

**- सुरेन्द्र तामाङ**
कांग्रेस शुभेच्छुक

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# भेरी नदीमा छ पुलको काम अझै अलपत्र

■ हेमन्त केसी

**काँक्रेविहार (सुर्खेत)**– सन् २०१९ नोभेम्बर ७ मा नेपाली सेनाले जाजरकोट-डोल्पा सडकखण्डको ११८ किलोमिटरमध्ये १०३ किलोमिटर सडकको ट्र्याक खोलेर सडक डिभिजन चौरजहारीलाई एक औपचारिक कार्यक्रमका साथ छलगाडको किनारमा हस्तान्तरण गरेको थियो ।

सोही खण्डमा बाँकी रहेका १४ पुल निर्माण गर्नका लागि अर्थ मन्त्रालयलाई राष्ट्रिय योजना आयोगले सहमति दिएको छ । सडक हस्तान्तरण गरेको सात वर्षपछि यो सडक खण्डको ५६ किलोमिटर कालोपत्रेको काम अन्तिम चरणमा पुगेको छ । बाँकी ठाउँमा काम गर्न ठेक्का लागे पनि काम अझै सुरु भएको छैन ।

जाजरकोटको नलगाड-१२ बाट डोल्पाको दुनैसम्मको ६२ किलोमिटर निर्माण बाँकी रहेका १४ वटा पुल निर्माण गर्न योजना आयोगले सहमति दिएको छ । यही सडक खण्डको जाजरकोटको तल्लुदेखि डोल्पाको सदरमुकाम दुनैसम्म १४ वटा पुल निर्माण गर्नुपर्ने भन्दै लामो समयदेखि फाइल मन्त्रालय हुँदै योजना आयोग पुगेको थियो । स्रोत सुनिश्चित भएसँगै अब अन्य काम सुरु हुने योजना प्रमुख नरेश केसरीले जानकारी दिए । ३० मिटरभन्दा कमको पुलको डिजाइन स्वीकृत संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय सुर्खेतले गर्दछ । त्योभन्दा माथिका लागि माथिल्लो निकायमा पठाउने गरिन्छ ।

भेरी कोरिडोरभित्रका फूलबारीखोला पुल, चिसापानीखोला पुल, खहरेखोला, घट्टेखोला, मनकाखोला, रिजिगार, उसुमखोला, कर्पगाड, खदाङ, खदाङभेरी पुल, चुँगाड, त्रिपुराकोट, गल्ली गाड, खोरखोलामा पुल निर्माण गर्न सहमति दिइएको हो तर यही सडकखण्डमा छ वर्षदेखि पाँचवटा पक्की पुल अलपत्र पर्दै आएका छन् ।

हाल यो सडकखण्डको नामकरण भेरी कोरिडोर सडक योजना राखिएको छ । यो कोरिडोरको कूल लम्बाइ ३१० किलोमिटर रहेको छ । जाजरकोट खलंगाको पासागाडदेखि नलगाड नगरपालिका-१२ तल्लुसम्म कालोपत्रेको काम यति बिल्डर्समार्फत भइरहेको छ ।

सुर्खेतबाट डोल्पाको अन्तिम बिन्दु अर्थात् चीनको सिमाना मरिमसम्म ३१० किलोमिटर रहेको भेरी कोरिडोर सडक योजना हाल जाजरकोटको अन्तिम



बिन्दु तल्लुसम्म काम भइरहेको छ । सुर्खेत, सल्यान, जाजरकोट, रुकुम पश्चिम र डोल्पाको अन्तिम बिन्दु मरिम अर्थात् चीनको सिमानासम्म पुगेर यो सडक पूरा हुन्छ । भारत, नेपाल र चीन जोड्ने सबैभन्दा छोटो मार्गका रूपमा रहेको योजना प्रमुख केसरीले बताए ।

कहाँकहाँ अलपत्र छन् त पुल ?

भेरी कोरिडोरमा (जाजरकोट-डोल्पा) छ वर्षदेखि अलपत्र परेका पुल कहिले निर्माण हुने हो कुनै अत्तोपत्तो छैन । छ वर्ष अगाडि लागेको पक्की पुलको ठेक्काको काम नहुँदा यस क्षेत्रका नेताले आलोचित हुनुपरेको छ । भेरी कोरिडोर जाजरकोट-डोल्पाको दुनै सडकखण्डको ११८ किलोमिटर सडकखण्डको ५६ किलोमिटरभित्र सडक कालोपत्रेको काम अन्तिम चरणमा पुऱ्याएपछि सँगसँगै लागेको पुलको ठेक्का भने कुनै काम भएको छैन । योजना प्रमुख केशरीले पाँचमध्ये तीनवटा अर्कोलाई निर्माण गर्न दिइने र बाँकी दुई क्याराभानले नै निर्माण अन्तिम सहमति हुन लागेको बताए ।

उक्त क्याराभान हिराचन जेभीले २०७७ माघ २ गते जाजरकोटको नलगाड नगरपालिकाको नलगाड खोला, झुर्मेखोलाको पक्की पुलको ठेक्का लिएको थियो । यो १८ करोड ४३ लाख ४३ हजार रूपैयाँमा ठेक्का लिइएको थियो । त्यस्तै उक्त जेभीले सोही मितिमा भेरी कोरिडोरकै जाजरकोटको नलगाड नगरपालिका-९ को त्रात्रखोला, वडा-८ को मैदेखोला, वडा-११ को ताक्सुगाड चौखामा ठेक्का लिएको थियो । यो दोस्रो ठेक्का १३ करोड ५४ लाख रूपैयाँमा सम्झौता भएको थियो ।

यी पुलहरू भेरी कोरिडोरका लाइफलाइनका रूपमा रहेका छन् । त्यस्तै नलगाड नगरपालिका-१२ को तल्लुस्थित भेरी नदीको पुल र डोल्पा त्रिपुरासुन्दरी नगरपालिका-१ छलगाडको पुल निर्माण कार्य सुरु भएको छ । खदाङको पुल विवादका कारण अझै सुरु हुन सकेको छैन । एयपी एमआरपी पुलचोक जेभीले ठेक्का लिएको छ । रुकुम पश्चिमको आठबीसकोटको पिपलचौरस्थित छहरेखोला र जाजरकोट भेरी नगरपालिका-१ पिपे खोलाको पुलको काम करिब पूरा भएको छ ।

हाल नेपालगञ्ज, सुर्खेत तथा काठमाडौंबाट सिधै डोल्पाको सदरमुकाममा यातायातका साधन पुग्ने गरेका छन् । जाजरकोटको तल्लुसम्म कालोपत्रे गरेको सडकमा र बाँकी रुकुम पश्चिमहुँदै डोल्पाको सदरमुकामसम्म नेपाली सेनाले निर्माण गरेको कच्ची सडकमा गुड्दै डोल्पाको सदरमुकाम दुनैसम्म सवारीसाधन पुग्ने गर्छन् । पछिल्लो समय डोल्पामा रहेका पर्यटकीयस्थलको भ्रमणमा जाने पर्यटकको चाप ठूलो मात्रामा रहेको पाइन्छ ।

जाजरकोटको तल्लुदेखि डोल्पाको त्रिरूपाकोटसम्मको सडकमा कालोपत्रे गर्नका लागि ठेक्का लागेको दुई ठेक्कामा एउटाको काम सुरु भए पनि अर्को अझै सुरु हुन सकेको छैन । योजना प्रमुख केशरीले दिएको जानकारीअनुसार ७४ करोड रूपैयाँमा उक्त ठेक्का लागेको छ । क्याब निर्माण, जावलाखेलले ठेक्का पाएको छ । ४२ किलोमिटर सडकमा कालोपत्रे गर्नका लागि ठेक्का लागेको हो । बाँकी छलगाडबाट मरिमसम्म १२० किलोमिटर सडक रहेको छ । ४२ किलोमिटर कालोपत्र गर्नका लागि गत असोज २ गते सम्झौता भएको छ भने २०८५ असोज १ गतेसम्म काम सम्पन्न गर्नुपर्ने हुन्छ ।

दुनै-लासिक्याप सडकखण्ड निर्माणमा ढिलाइ

भेरी कोरिडोरकै डोल्पाको सदरमुकाम दुनै-लासिक्याप खण्डमा ठेक्काको काम भइरहेको छ । दुनै-लासिक्याप खण्डमा काम नहुँदा सोभन्दा माथिको सडक निर्माणमा बाधा पुगेको भन्दै आलोचना चर्को भएपछि कामले गति लिएको हो । डोल्पाको सदरमुकामबाट माथिल्लो डोल्पाको मरिमसम्मको १०० किलोमिटरमध्ये २५ किलोमिटर कच्ची सडक कटान गर्नुपर्ने छ ।

दुनै-लासिक्याप खण्डको काम छिटो भएमा सोभन्दा माथिल्लो भागमा नेपाली सेनाले जिम्मेवारी लिएको छ । अहिले २५ किलोमिटर सडकखण्डभित्र कटानको कामलाई तीव्रता दिइएको छ । माथिल्लो डोल्पाको भागमा पर्ने लासिक्याप-मरिम ७५ किलोमिटरमध्ये नेपाली सेनाले ४० किलोमिटर कटानको काम गरिसकेको आयोजनाले जनाएको छ ।

दुनै-लासिक्याप खण्ड निर्माण सम्पन्न गर्न सूर्य-श्रेया-शान्ति देवी जेभीको म्याद २०८२ पुस १६ गतेसम्म म्याद थियो । २०७८ चैत १७ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । तल्लो सडक निर्माण नगरी माथिल्लो खण्ड निर्माणमा सेनाले आवश्यक उपकरण लिन नसक्ने भएकाले तल्लो खण्डको काम छिटो सक्नुपर्ने बाध्यता रहेको छ ।

सेनाले निर्माण गर्ने खण्डभन्दा दुनैबाट लासिक्यामअन्तर्गतको सडक यथाशीघ्र निर्माण भएमा माथिल्लो सडक निर्माण गर्न सहज हुने पूर्वमन्त्री धनबहादुर बुढाले बताए । भेरी कोरिडोर नामकरण गरेर राष्ट्रिय प्राथमिकतामा राख्नुका साथै त्रिदेशीय पारवहन सेवामा सजिलो हुने भएकाले छिन्चु-जाजरकोट-डोल्पा त्रिदेशीय मार्गलाई महत्वका साथ हेरिएको उनको भनाइ छ ।

नेपाली सेनाले भेरी कोरिडोरअन्तर्गतका जाजरकोट-डोल्पा सडक निर्माण २०६५ सालमा सुरु गरेको थियो । ट्र्याक खुलेसँगै सेनाले ११८ किलोमिटर सडक २०७६ सालमा भौतिक पूर्वाधार मन्त्रालयलाई हस्तान्तरण गरिसकेको छ । दुनैबाट चीनको सिमामा रहेको मरिम नाकासम्मको १०० किलोमिटरमध्ये नेपालतर्फ ४० किलोमिटर निर्माण भइसकेको छ भने दुनैबाट धोसम्म निर्माण हुन बाँकी छ ।

देशको उत्तरी सीमासँग जोडिएको माथिल्लो डोल्पाका तीन गाउँपालिकाका नागरिकलाई नेपालतर्फ सडक सुविधा नहुँदा जिल्ला सदरमुकाम दुनैसम्म पुग्न हप्ता दिनसम्म पैदलयात्रा गर्नुपर्ने बाध्यता छ । दुनैबाट धोसम्मको ५० किलोमिटर खण्डमा पर्ने चट्टान विष्फोट गराउनुपर्ने आयोजनाको भनाइ छ । डोल्पा जडीबुटीको भण्डार भएकाले त्रिदेशीय मार्ग निर्माण भएपछि कर्णाली प्रदेशसहित मुलुकको आर्थिकस्तर वृद्धि हुने अपेक्षा लिइएको छ । *रासस*

# नीलगाई र बँदेलको आतंकले महोत्तरीका किसान चिन्तित

**महोत्तरी**– यहाँका बस्तीबस्तीमा नीलगाई र बँदेलको संख्या बढेको छ । जिल्लाका मध्य र सुदूरदक्षिणी भेगका बस्तीबस्तीमा बँदेल र नीलगाई निकै बढेका हुन् ।

आहाराको खोजीमा पूर्व-पश्चिम राजमार्गका दायाँबायाँ वन क्षेत्रबाट तीन-चार वर्ष पहिले मध्य र दक्षिणी भेग झरेका बँदेल र नीलगाईले अब तलतिरकै बस्ती आसपासका झाडी र घारीमा बच्चा जन्माउने र हुर्काउन थालेपछि जिल्लाका मध्य र सुदूर दक्षिणी भेगका बस्तीसम्म यिनको संख्या निकै बढेको स्थानीय बासिन्दाको भनाइ छ । अहिले जिल्लाको भारतीय सीमावर्ती बस्तीसम्मै नीलगाईका बथान र बँदेलका हुल देखिन थालेका भारतीय सीमावर्ती भेगका जिल्लावासी बताउँछन् ।

'हाम्रो बस्ती वरपर नीलगाई र बँदेल निकै बढेका छन्,' नेपाल-भारत सीमा क्षेत्रसँगै जोडिएको जलेश्वर-५ चौरियाका ७५ वर्षीय रहिमन मण्डल भन्छन्, 'केही वर्ष पहिले यता झरेका नीलगाई र बँदेलले अब यतै बच्चा जन्माउने र हुर्काउने गरेपछि यिनको संख्या निकै बढेको हो ।' वैशाख मध्यपछि हलक्क बढेको उखुघारी र नदी किनारका काँसघारी यिनको बासस्थान हुने गरेको मण्डलको कथन छ ।

जिल्लाको सुदूर दक्षिणपूर्वी जलेश्वर र मटिहानी नगरपालिका क्षेत्रमात्र नभई दक्षिणको मध्यवर्ती एकडारा, मनराशिस्वा एवं सुदूर दक्षिण-पश्चिमवर्ती सम्सी र सोनमासहितका स्थानीय तहका बस्ती नजिक नीलगाईको बथान र बँदेलका झुण्ड देखिन्छन् । दिनभरि उखु र काँसघारीमा लुकेर रातभरि बालीनाली सखाप पार्ने बँदेल र नीलगाईको उपद्रवले आफूहरू हैरान भएको सम्सी-६ का ४० वर्षीय इम्तियाज अहमद बताउँछन् ।

पछिल्ला चार-पाँच वर्षदेखि वन क्षेत्रबाट निकै तल झरेका बँदेल र नीलगाई बिस्तारै यतै रतिँदै गएर मान्छेसँग डराउन छाडेका सर्वसाधारण बताउँछन् । 'देखेर हाहो गर्दा हुलमा रहेका नीलगाई भाग्नकोसट्टा ठिंग उभिएर मान्छेतिरै हेर्छन्, दुई-चार जना जम्मा भएर लघार्दा बल्ल भाग्छन्,' रामगोपालपुर-२ महनपुरका ६० वर्षीय किसान कादिर हुसैन भन्छन्, 'यी जन्तुको डरले महिलाहरू बस्तीबाट अलि टाढाको खेतबारी हिँड्न पनि छाडेका छन् ।'

नीलगाईले आक्रमण नै हम्मेसी नगरे पनि बँदेल लघार्न भने निकै डरमर्दो भएको यस भेगका किसानको भनाइ छ । यी सबै बस्ती पूर्वपश्चिम राजमार्ग दायाँबायाँको वन क्षेत्रबाट ३० देखि ४५ किलोमिटरको दूरीमा छन् ।

मध्य वैशाखदेखि फागुनसम्म यिनको बास धेरैजसो उखुघारी रहने गरेको छ । मंसिरदेखि फागुन मसान्तसम्म उखु काट्ने बेला हुँदा यी जन्तु उखु नकाटिएको ठाउँ सर्दै बास बस्ने र चैतदेखि मध्य वैशाखसम्म नदी किनारका काँसघारी, बुट्यानका झाडी र सघन वृक्षरोपण गरिएका ठाउँमा सर्दै बस्ने गरेका पाइएको भंगाहा-४ रामनगरका ८० वर्षीय दीपबहादुर फुँयाल बताउँछन् ।

'अब यी जंगली जन्तु नै रहेननझैं लाग्छ, यतै मजाले रतिएका छन्,' फुँयाल भन्छन्, 'दिनभरि खासै देखिँदैनन्, राति सधैं रुङ्न सकिँदैन, यिनको उपद्रोले राम्ररी कुनै बाली लिन पाइएको छैन ।' आफूले पछिल्ला पाँच वर्षयता भर्खर हुर्केकादेखि वयष्कसम्मका बँदेल बस्ती वरपर देखेको उनको भनाइ छ । भंगाहा-४ को यो बस्ती वन क्षेत्रबाट करिब २२ किलोमिटर दक्षिणमा छ ।

वन क्षेत्रमा आहारा र पानीको अभावसँगै सिकारीको आँखेटले तलतिर झरेका नीलगाई र बँदेलले यी बस्तीमा प्रशस्त हरियो बालीनाली भेट्टाएपछि वन बिर्सँदै गएर यतै रमेका औरही-१ का चन्देश्वर यादवको भनाइ छ । *रासस*


## साउदीमा रोजगार
कम्पनी : CITY LINK TRADING & TRANSPORT CO. LTD
पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342020 | चलानी नं. ६०२५५३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 25 | 0 | 1800 | ७३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

## ओमनमा रोजगार
कम्पनी : MODERN PROJECTS OF MUTASIM AL SABRI
पूर्व स्वीकृति मिति : २०८२/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 337277 | चलानी नं.६०२५०८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Juice Makers | 1 | 0 | 130 | ५१,७१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Cafe Waiter | 1 | 0 | 140 | ५५,६९० | | | | | | | |
| 3. | Barista | 1 | 0 | 150 | ५९,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा रोजगार
कम्पनी : DELIGHTS OF THINGS FOUNDATION
पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 328939 | चलानी नं. ६०२५४७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser International Placement Services Pvt. Ltd.
श्रम ईजाजत नं. १९०/०५७/०५८
Kupondole, Opposite to Kandev Temple, Kathmandu
hone: + 977-01-4578566 | 4578866, Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

## साउदीमा रोजगार
कम्पनी : Building Component Solutions LLC
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 341582 | चलानी नं. ६०२५४५६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 2300 | ९३,६९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## मलेसियामा रोजगार
कम्पनी : DV SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०२/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 325546 | चलानी नं. ६०२३९४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 119 | 0 | 1700 | ६६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
श्रम ईजाजत नं. ७८८/०६५/०६६
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## कतारमा रोजगार
कम्पनी : AL-NWR LLTJARH WALTNZYFAT WALKHDMAT
पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 335911 | चलानी नं. ६०२४९६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 0 | 2 | 1000 | ४१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
श्रम ईजाजत नं. १४२३/०७४/७५
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com

## कुवेतमा रोजगार
कम्पनी : AUTOMAK AUTOMOTIVE COMPANY K.S.C.C.
पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 339272 | चलानी नं. ६०२५२६३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Labour | 180 | 0 | 140 | ६९,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: सुनसरी, Underground Driving Center, Sundarharaicha 5 Baliya Morang, Itahari मा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।
Gurung Drive Center, Bharatpur, Chitwan मा मिति: २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।
Kaski, Pokhara, Everest Driving Institute मा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।
Siraha, S and S Training Center मा मिति: २०८३ जेठ १० गते (24th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदर आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL HR SOLUTION PVT. LTD.
LIC No. 1082/073/74
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, WhatsApp 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## ओमनमा रोजगार
कम्पनी : OMN INTERNATIONAL GROUP SAOC
पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 337788 | चलानी नं. ६०२५१२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners/public Building | 37 | 0 | 120 | ४७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: - धनुषा, जनकपुर, PR ट्रेनिङ सेन्टरमा मिति: २०८३ जेठ १० र १३ गते (24/27th May 2026) मा हुनेछ ।
- संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ११ गते (25th May 2026) मा हुनेछ ।
- बाँके, नेपालगञ्ज, Gajraj ट्रेनिङ सेन्टरमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443, Neelam Ghimire: 9814269669
Beena gurung: 9813850986, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np

## कुवेतमा रोजगारको अवसर
Free Visa!! Free Ticket!!

कम्पनी : RADISSON BLU HOTEL
पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 332855 | चलानी नं. ६०२४६५४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steward | 1 | 0 | 100 | ४९,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE BRIDGE GENERAL TRADING AND CONTRACTING CO.
पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 341960 | चलानी नं. ६०२५५३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 5 | 0 | 135 | ६७,००५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 20 | 0 | 180 | ८९,३४० | | | | | | | |
| 3 | Labour | 10 | 0 | 95 | ४७,१५० | | | | | | | |
| 4 | Warehousemen | 10 | 5 | 100 | ४९,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

## कतारमा रोजगार
कम्पनी : SAMBHA CLEANING AND HOSPITALITY
पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 341569 | चलानी नं. ६०२५५३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 3 | 1500 | ६२,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 3 | 1 | 1000 | ४१,९५० | | | | | | | |
| 3 | Cleaner Public | 8 | 7 | 1300 | ५४,५३५ | | | | | | | |
| 4 | Driver | 7 | 0 | 1700 | ७१,३१५ | | | | | | | |
| 5 | Dry Clean Worker (Female) | 0 | 2 | 1100 | ४६,१४५ | | | | | | | |
| 6 | Foreman | 7 | 0 | 2500 | १०४,८८० | | | | | | | |
| 7 | Ground Host For Reservation | 7 | 9 | 1000 | ४१,९५० | | | | | | | |
| 8 | Labourer (Male) | 1 | 0 | 1000 | ४१,९५० | | | | | | | |
| 9 | Labourer/cleaner | 4 | 0 | 1000 | ४१,९५० | | | | | | | |
| 10 | Material Handler | 3 | 0 | 1300 | ५४,५३५ | | | | | | | |
| 11 | Receptionist | 0 | 1 | 1500 | ६२,९२५ | | | | | | | |
| 12 | Representative Officer | 1 | 0 | 2500 | १०४,८८० | | | | | | | |
| 13 | Service Agents | 5 | 0 | 1000 | ४१,९५० | | | | | | | |
| 14 | Supervisor | 6 | 0 | 3500 | १४६,८३० | | | | | | | |
| 15 | Waiter (D) | 1 | 0 | 1400 | ५८,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXCELLENT MANPOWER SERVICES PVT.LTD.
श्रम ईजाजत नं. १३२८/०७४/७५
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०२२०० | प्रति तोला – ० | प्रति तोला – ५७१० |



**तीनजुरेमा लालीगुराँस** | ताप्लेजुङ, संखुवासभा र तेह्रथुम जिल्लाको सङ्गमस्थल तीनजुरे-मिल्के-जलजले क्षेत्रमा ढकमक्क फुलेको लालीगुराँस । लालीगुराँसको राजधानीका रूपमा परिचित यस क्षेत्रमा २८ प्रजातिका लालीगुराँस पाइन्छन् । *तस्बिर : दिलकुमार लिम्बू/रासस*

# दूरसञ्चार क्षेत्रको सुधार नै सरकारको प्राथमिकता

## 'फाइभजी' सेवा सुरु गर्ने तयारीमा सरकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले सरकारले दूरसञ्चार क्षेत्र, 'मिडिया' नीति तथा सञ्चार क्षेत्र सुधारलाई प्राथमिकतामा राखेर यी क्षेत्रमा आवश्यक अध्ययनसहित सुधारका प्रयास अघि बढाएको बताएका छन् ।

मन्त्रालयमा बुधबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा मन्त्री डा तिमिल्सिनाले छोटो अवधिमा सबै क्षेत्रलाई एकैपटक व्यवस्थित गर्न चुनौतीपूर्ण भए पनि सरकारले प्राथमिकताका आधारमा काम गरिरहेको बताए । उनले दूरसञ्चार सेवाको गुणस्तर सुधार, प्रतिस्पर्धा विस्तार तथा सञ्चार क्षेत्रलाई व्यवस्थित बनाउने दिशामा सरकार केन्द्रित रहेको उल्लेख गरे ।

हाल तत्काल फोरजी सेवा बन्द गरेर फाइभजीमा जाने अवस्था नरहेको उल्लेख गर्दै उनले अहिलेलाई फोरजी सेवालाई अधिकतम प्रभावकारी बनाउने र त्यसपछि क्रमिक रूपमा फाइभजी कार्यान्वयन गरिने तयारी भइरहेको जानकारी दिए । फाइभजी सेवा सुरु गर्ने विषय सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै आवश्यक 'फ्रिक्वेन्सी' निर्धारण र वितरणसम्बन्धी तयारीसमेत अगाडि बढाइएको उनको भनाइ थियो ।

दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धा बढाउन थप मोबाइल 'अपरेटर' आवश्यक रहेको विषयमा पनि सरकारले अध्ययन गरिरहेको मन्त्री तिमिल्सिनाले बताए । हाल दुई कम्पनीले मोबाइल सेवा प्रदान गरिरहेको अवस्थामा तेस्रो मोबाइल अपरेटरको आवश्यकता पहिचान तथा निर्धारणका सन्दर्भमा आवश्यक प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै उनले यसले दूरसञ्चार क्षेत्रलाई थप प्रभावकारी र प्रतिस्पर्धी बनाउने विश्वास व्यक्त गरे ।



> सरकारले नेपाल टेलिकमलाई थप सुदृढ बनाउने, दूरसञ्चार पूर्वाधारलाई जनताको हितमा उपयोग गर्ने तथा समग्र दूरसञ्चार प्रणालीलाई मजबुत बनाउने नीति लिएको छ ।
>
> ■ **डा. विक्रम तिमिल्सिना**
> सञ्चार तथा सूचना प्रविधि मन्त्री

सरकारले नेपाल टेलिकमलाई थप सुदृढ बनाउने, दूरसञ्चार पूर्वाधारलाई जनताको हितमा उपयोग गर्ने तथा समग्र दूरसञ्चार प्रणालीलाई मजबुत बनाउने नीति लिएको पनि उनले बताए । यी विषयमा मन्त्रालयले नेपाल टेलिकम तथा नियामक नेपाल दूरसञ्चार प्राधिकरण सँग नियमित छलफलमा रहेको र आवश्यक सहयोग गर्न तयार रहेको सञ्चारमन्त्री तिमिल्सिनाले बताए ।

दूरसञ्चार क्षेत्रका विद्यमान समस्या समाधानका लागि कानुन कार्यान्वयन गर्दै सुधार प्रक्रिया अघि बढाइएको उनको भनाइ छ । विशेषगरी नेपाल टेलिकमसँग सम्बन्धित बिलिङ बिलिङ प्रणाली तथा सेवा व्यवस्थापनका विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दै सञ्चारमन्त्रीले यी कार्यमा विद्यमान विधि विधानभित्र रहेर पारदर्शितालाई केन्द्रमा राखी कुनै विवाद सिर्जना नहुने गरी समाधान खोजिने बताए । नेपाल टेलिकममा जनताको लगानी र सरकारी दायित्व दुवै जोडिएको उल्लेख गर्दै उनले कानुन र नियमअनुसार आवश्यक भूमिका निर्वाह गनुपर्नेमा जोड दिए ।

नेपालमा 'डेटा सेन्टर' तथा डिजिटल पूर्वाधार विकासका विषयमा पनि सरकारले अध्ययन गरिरहेको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताए । बहुराष्ट्रिय कम्पनीहरूको चासो, ' डिजिटल फिजिबिलिटी' तथा विदेशी लगानी आकर्षित गर्ने सम्भावनाबारे अध्ययन भइरहेको उल्लेख गर्दै उनले नेपाललाई क्षेत्रीय 'डेटा सेन्टर हब'का रूपमा विकास गर्न सकिने सम्भावनाबारे अध्ययन जारी रहेको जानकारी दिए ।

जनताको करबाट जोडिएका सम्पत्तिको दुरूपयोग तथा प्रणालीगत भ्रष्टाचार रोक्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै कुनै निकाय, संस्था वा कर्मचारीबाट गलत कार्य भएको सूचना प्राप्त भए सम्बन्धित राज्य संयन्त्र सक्रिय बनाइने उनले बताए । त्यसका लागि आवश्यक सूचना प्रत्यक्ष रूपमा उपलब्ध गराउनसमेत उनले आग्रह गरे ।

सञ्चारमन्त्री तिमिल्सिनाले लोकतन्त्रलाई बलियो बनाउन स्वतन्त्र र जिम्मेवार पत्रकारिता अपरिहार्य रहेको धारणा व्यक्त गरे । मिडिया क्षेत्र बलियो भएन भने लोकतन्त्र बलियो हुन नसक्ने उल्लेख गर्दै उनले सरकार मिडियाको भूमिकाप्रति संवेदनशील रहेको बताए । सञ्चारमाध्यामहरूले पनि जिम्मेवार र व्यावसायिक पत्रकारितामा जोड दिई आफ्नो छवि सुधार्नुपर्ने धारणा उनको थियो । विज्ञापन वितरण, सञ्चारमाध्यमको दिगोपन तथा पत्रकारहरूको हितका विषयमा अध्ययन गरेर नीतिगत सुधार गरिने जानकारी पनि उनले दिए ।

सरकारले सरकारी विज्ञापनका सन्दर्भमा सञ्चारमाध्यम र समाचार संस्थासँग सम्बन्धित समस्या समाधानका लागि मन्त्रालय तथा सम्बन्धित निकायमार्फत समन्वय गरिरहेको जनाएको छ । विज्ञापन वितरण तथा छनोट प्रक्रियालाई पारदर्शी बनाइएको उल्लेख गर्दै मन्त्रालयले निर्धारित प्रक्रियाबाहिर कुनै निर्णय नहुने स्पष्ट पारेको छ ।

# औद्योगिक ग्राम विस्तार गर्न चेम्बर अफ कमर्सको माग

■ प्रभाव संवाददाता

**रूपन्देही–** चेम्बर अफ कमर्स रूपन्देहीले सरकारद्वारा प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सकारात्मक रहेको जनाउँदै कार्यान्वयमा उतार्न माग गरेको छ । लगानीको थप वतावरण बनाउन, उद्योग-व्यवसायलाई चलायमान बनाउन नीति तथा कार्यक्रमले निजी क्षेत्रलाई आर्थिक विकासको साझेदारका रूपमा स्वीकार गर्नु स्वागतयोग्य रहेको संस्थाका अध्यक्ष सचिन रोकाले बताए ।

'निजी क्षेत्रको प्रतिनिधिमूलक संस्थाको हैसियतले चेम्बर अफ कमर्स, रूपन्देहीको निम्न विषयहरूमा विशेष ध्यान पुगेको छ', उनले भने, 'निजी क्षेत्रको लगानीलाई उच्च प्रतिफल दिने आयोजनामा केन्द्रित गर्नु, औद्योगिक ग्राम र विशेष आर्थिक विस्तारले सकारात्मक पक्ष हुन् ।'

उनले नगदरहित र डिजिटल अर्थतन्त्र प्रवर्द्धन, अन्तरराष्ट्रिय पेमेन्ट गेटवे, कर प्रणाली सरलीकरण, युवालाई उत्पादन क्षेत्रमा विशेष जोड, नेपाल लगाानी भिसा, नेपाललाई विश्व आध्यात्मिक केन्द्रका रूपमा प्रवर्द्धन, महिला उद्यमशीलता विकास रणनीति, नेप्से तथा पुँजीबजारको पुनर्संरचना, आगामी दशकमा औसत सात प्रतिशत आर्थिक वृद्धि लक्ष्य, हरित अर्थतन्त्र प्रवर्द्धन, रिमोट वर्क नीति, लगानी एक्सप्रेस नीतिः ३० दिनभित्र दर्ता अनुमति, डिजिटल सुरक्षामा लगानी, देवभूमि नेपाल अभियान, धार्मिक तथा होमस्टेलाई प्रवर्द्धन, रोजगार प्रवर्द्धन दशक घोषणा, गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनको लागि अन्तरराष्ट्रिय वायु सेवा प्रदायकसँग कुटनीतिक पहल गर्नु, पूर्वपश्चिम विद्युतीय रेलमार्ग, केरुङ-काठमाडौं रक्सोल-काठमाडौं रेलमार्ग लगानी मोडालिटीका साथै डिजिटल सुशासन, स्वास्थ्य, शिक्षा, खेलकुद, ऊर्जा, वन, सरसफाइ, स्वच्छ खानेपानीजस्ता विषयवस्तु समेटिनु स्वागतयोग्य छ ।

नीति तथा कार्यक्रम कार्यान्वयनमा विशेष जोड दिन चेम्बर अफ कमर्स, रूपन्देहीले सरकारसँग मागसमेत गरेको छ ।

# सिटिजन्स बैंकको अगुवाइमा मर्स्याङ्दी बेसीको वित्त व्यवस्थापन

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लि.को अगुवाईमा सहवित्तीयकरण व्यवस्थापन गरी सहवित्तीयकरण बैंकहरूले रु. ७ अर्ब ५० करोड रूपैयाँ ऋण लगानी गर्ने गरी ५० मेगावाट क्षमताको मर्स्याङ्दी बेसी जलविद्युत आयोजना आउने भएको छ । बुधबारको दिन प्रवर्द्धक कम्पनी दिब्यज्योती हाइड्रोपावर लिमिटेड एवं लगानीकर्ता बैंकहरू बीच वित्तीय व्यवस्थापनका लागि सहवित्तीयकरण कर्जा सम्झौतामा हस्ताक्षर भएको छ । उक्त परियोजना गण्डकी प्रदेश, लमजुङ जिल्ला, मर्स्याङ्दी गाँउपालिका र बेसीशहर नगरपालिकामा निर्माण हुनेछ ।




परियोजनाको अनुमानित लागत करीब रु. ११ अर्ब ३० करोडमध्ये सहवित्तीयकरण बैंकहरूले ६७:३३ को ऋण:स्वपुँजी अनुपातमा रु. ७ अर्ब ५० करोड बराबरको ऋण लगानी गर्नेछन् भने ३३% स्वपुँजी प्रवर्द्धकहरूबाट जुटाइने छ । आयोजना आगामी चार वर्षभित्र निर्माण सम्पन्न गरी विद्युत उत्पादन गर्ने लक्ष्य रहेको र निर्माण सम्पन्न पश्चात उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणको उदीपुर स्थित सबस्टेशनमा जोडिने छ । कम्पनीका अनुसार आयोजनाबाट हिउँदमा ११२.०९९ गिगावाट घन्टा र बर्षायाममा २००.५०३ गिगावाट गरी बार्षिक ३१२.६०२ गिगावाट घन्टा विद्युत उत्पादन हुनेछ ।

सहवित्तीयकरण कर्जा सम्झौता हस्ताक्षर कार्यक्रमलाई संवोधन गर्दै सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले सिटिजन्स बैंकले स्थापनाकाल देखि नै एकल लगानीका साथै आफ्नो अगुवाई, सह अगुवाई तथा अन्य बैंकहरूसँगको सह वित्तीयकरण कर्जा मार्फत जलविद्युत लगायत हरित उर्जा क्षेत्रमा उल्लेख्य रूपमा लगानी गर्दै आएको र बैंकिङ्ग क्षेत्र एवं स्वतन्त्रउर्जा उत्पादकहरूको संयुक्त लगानीबाट धैरै आयोजनाहरूको निर्माण भई संचालनमा आएका कारण देशको समग्र उर्जा क्षेत्रको विकासमा नीजि क्षेत्रको ठूलो योगदान रहेको बताए ।

हाल सम्म निर्माण सम्पन्न भएका २७४.४०१ मेगावाट क्षमताका १६ वटा जलविद्युत आयोजना र निर्माणाधिन १,३३०.८२५ मेगावाट क्षमताका २६ वटा जलविद्युत आयोजना सहित जम्मा १,६०५.२२६ मेगावाट क्षमताका ४२ वटा जलविद्युत आयोजनामा यस बैंकको लगानी रहेको छ ।

सिटिजन्स बैंकले हाल सम्म १८ वटा हाइड्रोपावर आयोजनामा अगुवा बैंक, ३ वटा हाइड्रोपावर आयोजनामा सह अगुवा बैंक, १७ वटा हाइड्रोपावर आयोजनामा सहभागी बैंक रूपमा र ४ वटा हाइड्रोपावर आयोजनामा एकल लगानी रहेको छ । साथै बैंकले हाल कोशी प्रदेशमा ५२१.६६६ मेगावाट क्षमताका १४ वटा आयोजनाहरूमा, बग्मती प्रदेशमा ३९३.८२५ मेगावाट क्षमताका १४ वटा आयोजनाहरूमा, गण्डकी प्रदेशमा ६१६.४६५ मेगावाट क्षमताका ९ वटा आयोजनाहरूमा, लुम्बीनी प्रदेशमा ५३.०२ मेगावाट क्षमताका २ वटा आयोजनाहरूमा र कर्णाली प्रदेश २०.२५ मेगावाट क्षमताका ३ वटा आयोजनाहरूमा लगानी गरेको गरेको छ ।

प्रवर्द्धक कम्पनी दिब्यज्योती हाइड्रोपावर लिमिटेडका तर्फबाट अध्यक्ष सतिस न्यौपानेले आगामी चार वर्षभित्र परियोजना निर्माण सम्पन्न गरी विद्युत उत्पादन गर्ने लक्ष्य रहेको र हालसम्म नेपाल विद्युतप्राधिकरण, विद्युतविकास विभाग, वन तथा वातावरण मन्त्रालयलगायत सरोकारवाला निकायहरूमा गर्नुपर्ने सबै कानूनी प्रक्रिया पुरा गरी सकिएकोले आयोजना तत्काल निर्माण शुरुगरि समयमै सम्पन्न हुने विश्वास गरे ।

# नेप्से परिसूचकमा सामान्य अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार सामान्य अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक चार दशमलव १५ अंकले ओरालो लागेर दुई हजार ७४० दशमलव २५ मा सीमित भएको छ ।




ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७० अंकले ओरालो लागेर ४६७ दशमलव ५५ मा सीमित भएको छ । कूल ३३९ कम्पनीको ५६ लाख ४३ हजार २८८ कित्ता शेयर दुई अर्ब ८० करोड ७४ लाख ४६ हजार ३६१ रूपैयाँमा खरिद बिक्री भएको छ ।

कारोबारका आधारमा एसवाई प्यानल नेपाल, रिडी पावर कम्पनी, साहस ऊर्जा, सोलु हाइड्रोपावर, रिलायन्स स्पिनिङ मिल्स शीर्ष स्थानमा छ ।

यस्तै, एशियन हाइड्रोपावर, एसवाई प्यानल, हिमालयन बैंकको बण्ड, एनआइसी एशिया ग्रोथ फण्ड दोस्रो र सेञ्चुरी डिवेञ्चरका लगानीकर्ताले कमाएका छन् । यस्तै, धौलागिरि लघुवित्त, झापा इनर्जी, सिटिजन बैंकको ऋणपत्र, रिज लाइन इनर्जी र आरबिबी फोकस-४० का लगानीकर्ताले सर्वाधिक गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ